# राप्ती सोनारी शिक्षा नीति २०७९

मस्यौदा

## राप्ती सोनारी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## अगैया, बाँके
## लुम्बिनी प्रदेश, नेपाल
## २०७९

**विषय सूची**


२. विगतका प्रयासः...................................................................................................... १
३. वर्तमान अवस्थाः......................................................................................................४
४. समस्या तथा चुनौतीः..............................................................................................५
५. नीतिको आवश्यकताः..............................................................................................६
६. दूरदृष्टिः................................................................................................................. ८
७. लक्ष्यः.....................................................................................................................८
८. उद्देश्यः.....................................................................................................................
९. नीति तथा कार्यनीतिः...............................................................................................८
क) प्रारम्भिक बालविकास र शिक्षा :..................................................................................
ख) आधारभूत तथा प्राथमिक शिक्षा :...............................................................................
ग) उच्च शिक्षा र माध्यमिक शिक्षा :.................................................................................
घ) प्राविधिक तथा व्यावसायीक शिक्षा :...........................................................................
ङ) अनौपचारिक शिक्षा, साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाई र शिक्षा :......................................
च) शिक्षक व्यवस्थापन र विकास :.....................................................................................
छ) पाठ्यकक्रम, पाठ्यसामग्री र मूल्याङ्कन :.......................................................................
ज) शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापन :.......................................................................
झ) शिक्षामा समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श :........................................
ञ) शिक्षामा सूचना प्रविधि :............................................................................................
ट) सुरक्षित विद्यालय व्यवस्थापन :....................................................................................
ठ) विद्यालय भौतिक पूर्वाधार विकास :...............................................................................
१०) नीति कार्यान्वयनको जिम्मेवारीः.................................................................................
गाँउ पालिकाको जिम्मेवारी:............................................................................................
शिक्षा समितिको जिम्मेवारीः............................................................................................
विद्यालयको जिम्मेवारीः...................................................................................................
शिक्षकको जिम्मेवारीः......................................................................................................
जनप्रतिनिधि र अभिभावकको जिम्मेवारी :..........................................................................
११) संस्थागत व्यवस्थाः...................................................................................................
१२) आर्थिक पक्षः.............................................................................................................
१३) कानुनी व्यवस्थाः.......................................................................................................
१४) अनुगमन तथा मुल्याङ्कन :..........................................................................................
१५) जोखिम तथा जोखिम न्यूनीकरण :................................................................................
जोखिम न्यूनिकरण :........................................................................................................
१६) खारेजी तथा बचाउः....................................................................................................
हाम्रो भनाइ

आर्थिक, सामाजिक रुपान्तरको मेरुदण्ड तथा नगरिकको अधिकारको विषय हो । दिगो शान्ति सुशासन, विकास र समृद्धिको अपेक्षा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था रहेको वर्तमान नेपालको संविधानले गरेको छ । यसलाई मध्यनजर गरेर ज्ञान र विज्ञानको विष्फोट स्वरुप शिक्षा क्षेत्रमा देखा परेका परिवर्तनलाई आत्मसात गर्दै शिक्षालाई वैज्ञानिक प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाएर सक्षम, प्रतिस्पर्धी, नैतिक तथा राष्ट्रहितप्रति समर्पित जनशक्ति तयार गर्न सम्बन्धित सबै दत्तचित्त भएर लागि पर्नु पर्ने आजको टड्कारो आवश्यकता हो । शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमश निःशुल्क बनाउने राज्यको नीति बमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको लागि अनिवार्य र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भनी मौलिक हकमा समेत व्यवस्था गरेको छ ।
वर्तमान नेपालको संविधानको अनुसूची ८ ले आधारभूत तथा माध्यमिक शिक्षालाई स्थानीय तहको अधिकारको सूची अन्तर्गत राखेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को ज. मा स्थानीय तहले गर्नुपर्ने आधारभूत र माध्यमिक शिक्षासम्बन्धी विभिन्न २३ वटा काम कर्तव्य र अधिकारहरू उल्लेख गरेको छ । देश संघीयतामा आइसकेपछि राप्ती सोनारी गाउँपालिकाले स्थानीय तह सञ्चालनमा आएसँगै स्थानीय सरकारका रुपमा विद्यालय शिक्षा सम्बन्धी कानून तथा शिक्षा सम्बन्धी योजना बनाउने कार्य गर्दै आएको छ । शैक्षिक कार्यक्रमहरू कार्यान्वयन, शैक्षिक संस्थाहरूको स्थापना, अनुमति, सञ्चालन व्यवस्थापन, नियमन जनशक्तिहरूको परिचालन तथा व्यवस्थापन र अनुगमन तथा मुल्याङ्कन गर्ने जस्ता अत्यन्त महत्वपूर्ण कार्यको जिम्मेवारी वहन गर्दै आएको छ । यसका साथै राप्ती सोनारी गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखामार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, शिक्षामा सबै बालबालिकाको पहुँच पुर्याउन, विद्यार्थी भर्नादरमा वृद्धि गर्ने, विद्यालय छोड्ने तथा कक्षा दोहऱ्याउने दरमा कमी ल्याउने ध्येयका साथ गाउँपालिकाको शैक्षिक उन्नतिको लागि उल्लिखित कार्यहरू सम्पादन हुँदै आएका छन्। । गाँउपालिका भित्रको शैक्षिक गतिविधिलाई व्यवस्थित, प्रभावकारी र स्थानीय आवश्यकता अनुकूल बनाउनका लागि यो राप्ती सोनारी शिक्षा नीति २०७९ तयार गरिएको हो । यो नीति निर्माणका क्रममा सघीय सरकार र प्रदेश सरकारले तय गरेका नीति कार्यक्रम तथा दीगो विकासका लक्ष्यहरुलाई समेत आधारमानी हाम्रो 'राप्ती सोनारीगाउँपालिकाको शैक्षिक प्रतिवद्धता, गुणस्तरीय शिक्षामार्फत सुख,शान्ति र आत्मनिर्भरता प्राप्तिमा यो नीति कोशेढुङ्गा सावित हुने विश्वास लिएका छौं । यसको मुख्य उद्देश्य विद्यालयस्तरका शैक्षिक तथ्याङ्क तथा कार्यक्रमहरुको सरोकारवालाहरुलाई जानकारी गराउनु रहेको छ भने दोस्रो उद्देश्य राप्ती सोनारी गाउँपालिकाको शैक्षिक विकासका लागि के कस्ता नीति तथा कार्यक्रमहरु सञ्चालन गर्न जरुरी छ भन्ने कुराको जानकारी पाउनु पनि हो ।
राप्ती सोनारी शिक्षा नीति २०७९ निर्माण गर्ने कार्यमा सवै वडाहरुबाट प्राप्त सुझाब तथा यस नीतिलाई तोकिएकै समयमा तयार गर्ने काममा यस गाउँपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखाकाले शैक्षिक क्रियाकलापहरूबारे पारदर्शिता, जवाफदेहीता र प्रभावकारीता कायम गर्दै शैक्षिक सुशासनमा टेवा पुग्ने अपेक्षा गरिएको छ । अब बन्न लागेको गाउँपालिकाको पाँच वर्षीय गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनका लागि समेत राप्ती सोनारी शिक्षा नीति २०७९ ले महत्वपूर्ण सहयोग पुर्याउने देखिन्छ । यसबाट राप्ती सोनारी गाउँपालिकाको शिक्षा क्षेत्रमा नयाँ आयाम थपिने विश्वास समेत गरिएको छ । तप्त बहादुर पौडेल

अध्यक्ष
राप्ती सोनारी गाउँपालिका
अगैया, बाँके

## १. पृष्ठभूमिः

व्यक्तीको सर्वाङगीण विकासको मूल आधार नै शिक्षा भएकाले गुणस्तरीय शिक्षामा सबै नागरिकको समतामुलक र न्यायोचित पहुँच स्थापित गर्नु आजको टड्कारो आवश्यकता हो । दिगो विकास, शान्ति, सुशासन र समृद्धिको लागि शिक्षाले महत्वपूर्ण भुमिका खेलेको हुन्छ । शिक्षाले असल, योग्य, सक्षम प्रतिसर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्दछ । यसैका माध्यमबाट नै समग्र मुलुकले परिकल्पना गरेको समुन्नत नेपालको आकाङ्क्षा र अठोट समेत पूरा हुन्छ ।

नेपालको संविधान २०७२ भाग ३ को धारा ३१ मा शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रुपमा स्थापित गर्दै आधारभूत तह सम्मको शिक्षामा पहुँच, आधारभूत तह सम्मको अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तह सम्मको निःशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ । अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक समेत प्रत्याभूत गरेको छ । साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ । संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्न सुदृढ राष्ट्रिय शिक्षा प्रणालीको विकासको क्रम अघि बढेको देखिन्छ ।

विकासको मेरुदण्डका रुपमा शिक्षालाई लिंदै निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ मा शिक्षामा नागरिकको पहुँच र राज्यको दायित्व समेत उल्लेख गर्दै परिछेद ३ मा अनिवार्य तथा निःशुल्क र दफा २० मा माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । यसका लागि निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउनु पर्ने, शैक्षिक सामग्री प्रदान गर्ने र छात्रवृत्ति प्रदान गर्ने साथै दिवा खाजा उपलब्ध गराउने कुरा समेत उल्लेख गरेको पाइन्छ । यसैलाई टेकेर बनाइएको अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली २०७७ को परिछेद २ मा अनिवार्य तथा निःशुल्क शिक्षा उल्लेख गर्दै यसका लागि साक्षरता कार्यक्रम सञ्चालन गर्ने, आवासीय सुविधा सहित अध्ययनको व्यवस्था मिलाउनु पर्ने, माध्यमिक तह सम्मको शिक्षामा शुल्क लिन नहुने कुरामा विशेष जोड दिएको पाइन्छ । नियमावलीको परिछेद ३ मा छात्रवृति, विशेष व्यवस्था तथा अवसर सहित शिक्षा प्राप्तिका लागि विशेष अवसर प्रदान गरिने कुरा उल्लेख गर्दै परिच्छेद ४ मा वैकल्पिक र अनौपचारिक तथा खुल्ला शिक्षाको माध्यमबाट लक्षित वर्गलाई शिक्षार्जन गराउनु पर्ने व्यवस्था समेत गरेको पाइन्छ ।

कुनै पनि देशको शिक्षा नीतिले आफ्नो राष्ट्रिय विकासका प्राथमिकताहरुलाई सम्बोधन गर्ने प्रयास गरेको हुन्छ । यसै परिपेक्ष्यमा नेपाल सरकारले संघीय संरचना अनुरुप शिक्षा क्षेत्रको मार्गदर्शक नीतिका रुपमा राष्ट्रिय शिक्षा नीति २०७६ तर्जुमा गरेको छ । जसको दूरदृष्टि नै "शिक्षित सभ्य, स्वस्थ र सक्षम जनशक्ति, सामाजिक न्याय, रुपान्तरण र समृद्धि" भन्ने रहेको छ भने यसको लक्ष्य "सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधि मैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने भन्ने रहेको छ । प्रस्तुत शिक्षा नीतिले प्रारम्भिक बालविकासदेखि उच्च शिक्षासम्म, अनौपचारिक, समावेशी र विशेष शिक्षा सहित सामुदायिक तथा सार्वजनिक शिक्षा प्रणालीको सबलीकरण गरी राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणालीमा जोड दिनु पर्ने कुरा अगाडि सारेको पाइन्छ । यसका लागि शिक्षामा लगानी अभिबृद्धि गर्दै आधुनिक परिवेशमा विकसित विज्ञान र प्रविधि सहित शिक्षामा गुणस्तर कायम गर्नुपर्ने नीति समेत अवलम्बन गर्नुपर्ने उल्लेख छ । यसै अनुरुप प्रदेश र स्थानीय तहले यसको अधिनमा रही थप नीति, रणनीति र कार्यनीतिहरु कार्यन्वयन गर्न सक्ने व्यवस्था पनि गरेको छ ।

चालु आवधिक योजना (पन्ध्रौ योजना) ले पनि सामाजिक आर्थिक रुपान्तरणका लागि मानव संसाधनको विकास गर्ने सोचका साथ गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य लिएको छ। शिक्षा विकास नै विकासको मूल आधार हो र शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो भन्ने कुरालाई आत्मसात गरी मुलुकले विभिन्न समयमा शिक्षा विकासका निम्ति समयानुकूल विविध आवधिक योजना एवम् प्रस्तावहरु अगाडि बढाएको पाइन्छ। नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच, सुनिश्चित गर्नका साथै गुणस्तर सुधार्नका निम्ति सात वर्षे विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनमा ल्याएर यसको अवधिसमेत सम्पन्न भइसकेको छ। यसको मुख्य उद्देश्य भनेकै नेपालको शिक्षा क्षेत्रमा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापकीय सुधार गर्नु रहेको थियो र उक्त उद्देश्यले भावी योजनाहरुमा समेत निरन्तरता पाउने कुरा अवश्यम्भावी छ। हाम्रो राप्ती सोनारीको गाउँशिक्षा नीतिले पनि यिनै कुराहरुलाई शिरोधार्य गर्दै जानु पर्ने देखिन्छ। दिगो विकासका लक्ष्य २०३० को लक्ष्य (४ मा समावेशी तथा न्यायोचित र गुणत्मक शिक्षा सुनिश्चित गर्दै सवैका लागि जीवन पर्यन्त सिकाईका अवसरहरु प्रवद्र्धन गर्नू कुरा उल्लेख गरिएको छ। जसमा सवै छात्र (छात्राहरुलाई सिकाईका सकारात्मक परिणामहरु प्राप्त हुन सकून भन्ने उद्देश्यले निःशुल्क न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने, बालविकासमा पहुँच र गुणस्तरीयता कायम गर्ने, विश्वविद्यालय सम्मकै शिक्षामा सबै महिला र पुरुषको समान सुनिश्चितता कायम गर्ने, प्राविधिक तथा व्यावसायिक दक्षता लगायत सान्दर्भिक सिप, दक्षता भएका युवा र वयस्कहरुको संख्या वृद्धि गर्ने, शिक्षामा लैङ्गिक असमानताहरुको अन्त्य गर्ने जस्ता उद्देश्य लिई अगाडि बढेको पाइन्छ। यसले निर्धारण गरेका परिमाणात्मक लक्ष्यहरुलाई समेत ध्यानमा राखि कार्यान्वयनमा अगाडि बढ्नुपर्ने कुरालाई आत्मसात गर्दै यो नीति तर्जुमा गरिएको हो।

२. विगतका प्रयासः

- सबै बालबालिकाको पढ्ने अधिकारको सुनिश्चितता गर्न अनिवार्य निःशुल्क आधारभूत शिक्षा सुनिश्चितता गर्नुका साथै माध्यमिक तह कक्षा १० सम्म निशुल्क गरिएको,
- शिक्षक अपुग देखिएका विद्यालयहरुमा विभिन्न तहमा गरि २०६ जना शिक्षक गाउँपालिकाबाट थप शिक्षकको व्यवस्था गरिएको
- पालिकाभित्रका कक्षा ११ र १२ तथा क्याम्पसमा स्नातक तहमा अध्ययन गर्ने छात्राहरुलाई साइकल वितरण गरिएको
- सबै बालबालिकालाई विद्यालयमा समता रणनीति तयार गरेर लागु गरिएको छ
- कम्प्युटर र प्रिन्टर नभएका सामुदायिक विद्यालयहरुलाई एक एक थान कम्प्युटर र प्रिन्टर (१५ वटा विद्यालयलाई ) प्रदान गरिएको
- माध्यमिक विद्यालयमा ICT व्यवस्थापन गरिएको,
- बालविकास स.का. लगायत विद्यालय कर्मचारीहरुलाई थप प्रोत्साहन सुविधा दिइएको,
- एकीकृत पाठ्यक्रम कक्षा १-३ का शिक्षकहरुलाई पाठ्क्रम पुनर्ताजगी र मूल्यांका सम्बन्धी तालिम दिइएको,
- विद्यालय भौतिक सुधारको कार्यक्रमहरु (कक्षाकोठा निर्माण, मर्मत, खानेपानी, शौचालय, घेरवार) समेत कार्यक्रमहरु सञ्चालन गरेको,

- साक्षर गाउँपालिका घोषणाका लागि आ.व.२०७५ र ०७६ मा गरिएको
- प्राविधिक धार अन्तर्गत कक्षा ९/१२ मा १ वटा विद्यालयमा बाली विज्ञान विषय सञ्चालन गरिएको ,
- राप्ती सोनारी गाउँपालिकभित्रका गरिब, जेहेन्दार विद्यार्थीलाई चिकित्सा शिक्षा MBBS, CA, Engineer अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने व्यवस्था,
- कोरोना भाइरस (COVID-19) दोस्रो भेरियन्टको सङ्क्रमणका कारण विद्यालय बन्द रहेकाले विद्यार्थीहरुलाई वैकल्पिक माध्यमबाट शिक्षण सिकाई गर्नका लागि आधारभूत र माविका सबै विद्यार्थीको लागि रेडियो शिक्षा कार्यक्रम, घुम्ती शिक्षक तथा गृह शिक्षक व्यबस्थापन गरी कार्यान्वयन गरिएको ,
- विद्यालयको परिसर, शौचालय, बाहिरी वातावरण र वाललाई सरसफाइ एवम् स्यानिटाईज गरिएको,
- शिक्षकहरुलाई पेसागत क्षमता विकास तालिम सञ्चालन गरिएको,
- सामुदायिक विद्यालयको अनुगमन तथा सुपरिवेक्षण गरिएको,
- सामुदायिक विद्यालयमा अध्ययनरत सबै छात्राहरुको स्वच्छता तथा सरसफाइ लागि सेनिटरी प्याडको व्यवस्था गरिएको,
- विद्यालयमा पढाई सिप प्रवर्द्धनका लागि शिक्षक तालिम, सरोकारवालाहरुसँग छलफल, CBEGRA, Bench Marking कार्यक्रम सञ्चालन गरेको,
- स्थानीय तहमा हस्तान्तरित विभिन्न किसिमका कार्यक्रम सञ्चालनमा रहेका,
- विद्यालयलाई दिनु पर्ने अनुदान (छात्रवृत्ति, बुक कर्नर, सामाजिक परीक्षण लगायत, व्यवस्थापन अनुदान, SIP निर्माण लगायत, दिवा खाजा, शैक्षिक गुणस्तर लगायत) नियमित कार्यान्वयन पुस्तिका बमोजिम निकासा गरिएको र विद्यालयले कार्यसम्पादन गरिरहेका,
- भौतिक सुविधा विस्तार १०० प्रतिशत खर्च भएको (शौचालय र २, ४ कोठे भवन निर्माणाधीन)
- राप्ती सोनारी गाउँपालिको हाम्रो राप्ती सोनारी नामक स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिएको,
- स्थानीय पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वय गर्नको लागि कक्षा १,२,३ ,४ र ५ का लागि पाठ्यपुस्तकको लेखन कार्य र कक्षा ६,७ र ८ को सन्दर्भमा स्रोतसामग्रीको लागि कार्य अघि बढाइएको
- राप्ती सोनारी गाउँपालिकालाई शैक्षिक क्षेत्रको नै नमूना बनाउनको लागि पाँच वर्षे रणनीतिक शिक्षा योजना निर्माण गरिरहेको,
- एकिकृत पाठ्यक्रमलाई कार्यान्वय गर्नको लागि कक्षा १-३ मा अध्यापन गर्ने सबै शिक्षकलाई क्षमता विकास तालिम र सो कक्षाका सबै बालबालिकाको मुल्याङ्कन गर्न मुल्याङ्कन पुस्तिका र Port Folio File व्यबस्थापन,
- विद्यालय कर्मचारी र बालविकासका शिक्षकहरुलाई संघीय सरकारले तोकेको न्यूनतम पारिश्रमिकमा नघट्ने बजेट विनियोजन गरिएको,
- विद्यालयमा सञ्चालन गरिने विभिन्न किसिमका अतिरिक्त क्रियाकलाप,राष्ट्रपति रनिङ्ग शिल्ड तथा अध्यक्ष कप प्रतियोगितालाई पहिलो प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्ने गरिएको

३. वर्तमान अवस्थाः

नेपालको संविधान, पन्ध्रौं योजना, राष्ट्रिय  शिक्षा नीति २०७६, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अनिवार्य तथा र निःशुल्क आधारभूत शिक्षा सम्बन्धी ऐन २०७५, तथा नियमावली २०७७, आदि जस्ता शिक्षासम्बन्धी संघीय कानूनहरुले एकातिर हरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेका छन अर्कोतिर संघीय संरचना अनुसारका तीन वटा सरकारमध्ये शिक्षाको कुन तहको कुन काम कुन सरकारले गर्ने भन्ने कुरा समेत यकीन गरेको अवस्था छ । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले गरेको व्यवस्था अनुसार स्थानीय सरकारले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी र अधिकार रहेको अवस्था छ ।

राप्ती सोनारी गाउँपालिका विद्यालय तहसम्मको शिक्षा प्रदान गर्नका लागि सामुदायिक तहमा ६३ वटा बालविकास केन्द्र, ३४ वटा आधारभूत र २० वटा माध्यमिक विद्यालयहरु गरी जम्मा ५४ वटा सामुदायिक शैक्षिक संस्थाहरु छन् । भने संस्थागत विद्यालयमा १७ वटा बालविकास केन्द्र, १४ वटा आधारभूत तह र ३ वटा माध्यमिक तह गरी जम्मा संस्थागत विद्यालयहरु १७ वटा रहेका छन् । यसका साथै राप्ती सोनारी गाउँपालिकामा उच्च शिक्षा अध्ययनका लागि सामुदायिक स्तरमा सञ्चालित २ वटा सामुदायिक क्याम्पसहरु रहेका छन भने प्राविधिक धार अन्तर्गत बाली विज्ञान विषय सञ्चालन हुने विद्यालय १ वटा रहेको छ । शैक्षिक सत्र २०७९ को तथ्याङ्क अनुसार सामुदायिक विद्यालयतर्फ प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका विद्यार्थीहरुको संख्या १३७२ जना रहेको छ । त्यसैगरी आधारभूत तह अन्तर्गत कक्षा १-५ मा अध्ययनरत विद्यार्थीको संख्या ५९७५ र कक्षा ६-८ मा अध्ययनरत विद्यार्थीको संख्या ३९५५ जना रहेको छ । माध्यमिक तह अन्तर्गत कक्षा ९-१० मा अध्ययनरत विद्यार्थीहरुको संख्या २२२० र कक्षा ११-१२ मा अध्ययनरत विद्यार्थीको संख्या १६०० जना रहेको शिक्षकको विवरणको आँकलन गर्दा प्राथमिक तहमा २२१ जना, निम्न माध्यमिक तहमा ५० जना र माध्यमिक तह (कक्षा ९-१०) मा ४७ जना र माध्यमिक तह (कक्षा ११-१२) मा १८ जना शिक्षकहरु रहेको देखिन्छ । यसका साथै संस्थागत विद्यालयमा बालविकास तहमा १००२ जना, प्राथमिक तह (१-५ ) मा १३९९ जना, (६-८) मा २९६ जना र (९-१०) मा जम्मा ८२ जना विद्यार्थीहरु रहेका छन् ।

शिक्षक अपर्याप्ततालाई मध्यनजर राखी गाउँपालिकाको आफ्नो सामान्यीकरण अनुदानबाट नियुक्त गरिएका शिक्षकहरुको संख्या बालविकासमा ८ जना, प्राथमिक तहमा ३७ जना, निम्न माध्यमिक तहमा ६८ जना र माध्यमिक तहमा २९ जना गरी १४२ जना रहेको देखिन्छ ।

वि.स.२०७८ मा गरिएको राष्टिय जनगणनाको प्रारम्भिक नतिजा अनुसार यस राप्ती सोनारी गाउँपालिकामा जम्मा ६७७८२ जनसंख्या मध्ये ५२.७६ प्रतिशत महिलाको संख्या रहेको छ । यो तथ्याङ्कबाट के देखिन्छ भने महिलाहरुको संख्या धेरै रहेको छ । घरधुरी सर्बेक्षण २०७५ अनुसार पालिकाको साक्षरता दर ९५.११ प्रतिशत रहेको छ ।

**४. समस्या तथा चुनौती :**

- राप्ती सोनारी गाउँपालिको शिक्षा क्षेत्रमा विभिन्न किसिमका कार्यक्रमहरुको थालनी गर्दा पनि केही समस्या तथा चुनौतीहरु झेलिरहेको विद्यमान अवस्था रहेको छ । समग्रमा भन्नु पर्दा नेपालको शिक्षा प्रणालीले गर्दा समेत समस्या तथा चुनौतीहरु हाम्रा सामु विद्यमान छन् । तत्पश्चात् राप्ती सोनारी गाउँपालिकाको शिक्षामा भएका केही समस्या तथा चुनौतीहरु यस प्रकार रहेका छन् ।
- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्न प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र र कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु,

- प्रारम्भिक बालविकास तथा शिक्षा, चार वर्षका बालबालिकालाई लक्षित गरी सञ्चालन गरिने कार्यक्रम भए पनि चार वर्ष भन्दा कम उमेरका बालबालिकाहरू पनि सहभागी हुनु ,
- नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गर्नु ,
- सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु,
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाई सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास गर्नु ,
- शिक्षाको माध्यमबाट गाउँपालिकाको जीवन र जगतलाई सम्मानपूवर्क समेट्दै सिकाईलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाई क्रियाकलापमा सुधार गरी  शिक्षाको प्रयोजन र सान्दर्भिकता बढाउनु,
- माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु ,
- पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सुखी र समृद्ध गाउँपालिका निर्माणका लागि सक्षम, सृजनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु ,
- आवश्यकताका आधारमा पर्याप्त संख्यामा पेशा प्रति समर्पित, दक्ष  र जवाफदेही शिक्षकहरुको व्यवस्था गरी बालबालिकाको सिकाई उपलब्धिमा सुधार गर्नु ,
- सबै प्रकारका सिकारुहरुको गुणस्तरीय शिक्षामा सहज पहुँच र सोको व्यवस्थापनका लागि आवश्यक कानून र संस्थागत संरचनाको स्थापना गर्नु,
- सम्भावित जोखिमको पूर्वानुमान गरी उक्त जोखिमबाट सुरक्षित हुनका लागि आवश्यक पूर्वतयारीका साथ बालबालिका र विद्यालयलाई सबै प्रकारका हिंसा, विभेद, प्रकोप र महामारीजन्य जोखिमबाट सुरक्षित गरी सिकाईलाई निरन्तरता दिनु ,
- सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाईमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु ,
- बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सुधार गर्न दिवा खाजालगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत प्रदान गर्नु ,
- छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाईमा सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी प्रभावकारी व्यवस्थापन गर्नु ,
- गाउँपालिकाको सक्षम र प्रतिभावान जनशक्तिलाई गाउँपालिकाभित्र टिकाउने गरी गाउँपालिकामा उत्प्रेरणात्मक वातावरणको सिर्जना गर्नु,
- गाउँपालिकालाई पूर्ण साक्षर घोषणा गर्नु तथा साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाईको अवसरमा वृद्धि गर्नु र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाईको प्रबन्ध गर्नु ,

- विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिगत सुधारका लागि शिक्षक र अभिभावक लगायतका सरोकारवालाहरुलाई शिक्षामा अपेक्षाकृत योगदान गर्नका लागि अभिप्रेरित गर्नु ,
- गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सुदृढ शैक्षिक संरचना, पर्याप्त, सक्षम र प्रतिबद्ध जनशक्ति एवम् जीवन्त अन्तर सरकार सम्बन्धको विकास गर्नु ,
- संस्थागत विद्यालयहरुको नियमन र अनुगमन गरी त्यस्ता विद्यालयहरुबाट प्रदान गरिने शिक्षालाई व्यावहारिक र राष्ट्रिय भावना अनुकूल गर्न प्रेरित गर्नु ,
- सार्वजनिक विद्यालयको सिकाई प्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्नु,
- विद्यार्थीहरुको टिकाउदर तथा सिकाई उपलब्धी बृद्धि गर्नु, कक्षा छाड्ने दर र कक्षा दोहोर्याउने दर कम गर्नु,
- आधारभूततह (कक्षा १-३) मा पठन सिपको विकास गरी शैक्षिक गुणस्तर बृद्धि गर्नु,
- कक्षाकोठा व्यबस्थापन,शिक्षक नियमितता,सिकाई स्थान्तरणलाई व्यवस्थित गर्न,
- विषम परिस्थिति (कोराना,बाढी,हावाहुरी,आगलागी) मा शैक्षिक क्षति न्यूनीकरण गर्न शैक्षिक क्रियाकलाप सञ्चालन गर्न आदि ।

**५. नीतिको आवश्यकताः**

नेपाललाई सबल,सक्षम र सम्बृद्ध बनाउन प्रत्येक नेपाली जीवनोपयोगी ज्ञान, सिपबाट सुसज्जित र शिक्षित हुनु पहिलो शर्त हो । शिक्षा र विकास एक अर्काका परिपुरक हुन अर्थात शिक्षा बिना विकास असम्भव प्रायः छ भन्ने आदर्शलाई आत्मसात गर्दै समग्र शिक्षा क्षेत्रको बिकासका माध्यमबाट सिंगो समाजलाई रुपान्तरण गर्ने अभियानमा राप्ती सोनारी गाउँपालिका रहेको छ । आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरण गरी देश विकास गर्न साक्षरता प्रतिशत उच्च हुनु पहिलो सर्त हो । शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो । शिक्षा विकासको मूल आधार हो । यसले मानिसलाई समुन्नत जीवन बाँच्नका लागि सिप र सिर्जना मात्र प्रदान गर्ने नभै चिन्तनको दायरा समेत फराकिलो बनाएर उच्चताबाट संसारलाई नियाल्न समेत सिकाउँछ । विशिष्टरुपमा भन्नु पर्दा जीवन जिउने क्रममा सामना गर्नुपर्ने चुनौति र समस्याहरुलाई समाधान गर्नका लागि विभिन्न विकल्पहरुको बीचमा सर्वोत्तम विकल्पको छनौट गर्नका लागि मानिसलाई सक्षम बनाउछ । अभावको भुमरीभित्र पनि सम्भावनाका उर्वर फाँटहरु सिर्जना गर्ने काम शिक्षाले गर्दछ ।

नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षा सम्बन्धी मौलिक हक, राज्यको पुनः संरचना र अधिकारको बाँडफाँड, मुलुकको आर्थिक सामाजिक रुपान्तरणका एजेण्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, पन्ध्रौं योजनाको आधारपत्र तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्प नै नयाँ शिक्षा नीति तर्जुमाका मुल आधार हुन् ।

संघीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहूँच सुनिश्चित गर्न एवम् शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त बनाउन यो नयाँ शिक्षा नीति आवश्यक परेको हो । संघीय ढाँचा अनुरूप सरकारका तीन वटै तहमा शिक्षा प्रशासन प्रभावकारी एवम् नतिजामूलक ढंगले सञ्चालन गरी जनताको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि समयानुकुल शिक्षा नीतिको जरुरत परेको हो ।

**६. दूरदृष्टिः**

हाम्रो राप्ती सोनारी गाउँपालिकाको शैक्षिक प्रतिबद्धता

गुणस्तरीय शिक्षामार्फत सुख, समृद्धि र आत्मनिर्भरता

**७. लक्ष्यः**

गुणस्तरीय शिक्षाको माध्यमबाट विश्वबजारमा समेत प्रतिस्पर्धा गर्न सक्ने दक्ष, सक्षम र सिपयुक्त, श्रम र उत्पादनका साथै व्यक्तिगत र राष्ट्रिय जीवनप्रति सकारात्मक एवम् मानवमुल्यमा आधारित उन्नत सोच भएको तथा आफू राप्ती सोनारी गाउँपालिकाबासी भएकोमा गर्व गर्ने, खुसी तथा नवपर्वतनशील जनशक्तिको विकास गर्ने ।

**८.उद्देश्यः**

यस योजनाको समग्र उद्देश्य शिक्षालाई अधिकारका रूपमा स्थापित गर्दै गुणस्तरीय विद्यालय शिक्षा प्राप्त गर्न सबैको सहज पहुँच, सहभागिता र निरन्तरताको सुनिश्चितता सहित समता र समावेशिताको प्रवर्धन गर्नुका साथै उच्च तथा प्राविधिक शिक्षालाई प्रदेशको समुन्नतिका निम्ति आवश्यक पर्ने जनशक्तिको उत्पादन गर्ने गरी परिलक्षित गर्ने रहेको छ । समग्र उद्देश्यको विस्तृतीकरण गरी यस योजनाका निम्न लिखित उद्देश्यहरू निर्धारण गरिएको छ ।

१. सबै बालबालिकाहरूका लागि गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्नु

२. सबैको पहुँच पुग्ने गरि अनिवार्य तथा निःशुल्क र गुणस्तरीय आधारभूत शिक्षामा सबैको सहभागिता गराउनु

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।

४. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाईको अवसर सुनिश्चित गर्नु ।

५. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्नु ।

६. सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरुको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सबलीकरण गर्नु ।

७. सार्वजनिक शिक्षालाई संस्थागत विद्यालयहरुले दिने शिक्षाको तुलनामा गुणस्तरीय बनाई नागरिक समाजको सार्वजनिक शिक्षा प्रतिको आकर्षणमा अभिबृद्धि गर्नु ।

८. ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको माध्यमबाट विभिन्न क्षेत्रहरुमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष, वैज्ञानिक, नवप्रवर्तनात्मक, प्रतिष्पर्र्धी, प्रतिबद्ध र अनुसन्धानमुखी मानव संशाधन विकास गर्न सहयोग पुर्याउनु

१०. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरुलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरुका लागि समावेशी एवम् समतामूलक पहुँच स्थापित गर्दै गाउँपालिका विकासका लागि योग्य, सक्षम, सिपयुक्त र उद्यमशील जनशक्ति तयार गर्नु ।

११. शिक्षाका सबै निकाय तथा शैक्षिक संस्थाहरुमा सुशासन प्रवद्र्धन गरी विद्यार्थीहरुको सिकाईप्रति उत्तरदायी प्रणालीको विकास गर्नु ।

१२. पाठ्यक्रमलाई सान्दर्भिक तथा मुल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच तथा व्यवहार कुशलसिप भएको निरन्तर सिकाईप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्नु ।

१३. समतामूलक पहुँच र समावेशी सहभागिता, लैङ्गिक रुपान्तरणमुखी शिक्षा सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु ।

१४. शैक्षिक क्षेत्रलाई भय, विभेद र दुव्र्यवहारमुक्त तथा सुरक्षित र विविधताअनुकूल बनाई विद्यार्थीलाई सिकारुमैत्रीका साथसाथै प्रविधिमैत्री वातावरणमा सिकाई क्रियाकलापमा सहभागी हुनसक्ने गरी आपत्कालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु ।

१५. युग सुहाउदो जनशक्ति विकासको लागि ICT अनुकुलित वातावरण निर्माण गरी STEAM Education लाई शिक्षा प्रणालीको मेरुदण्डको रुपमा विकास गर्ने ।

१६. सम्भावित सङ्कटको सामना गर्ने अर्थात उत्थानशील (Resilient) प्रणालीका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको परिचालन गरी विद्यालयलाई सुरक्षित सिकाई थलोको रुपमा विकास गरी विषम परिस्थितिमा पनि सिकाईलाई निरन्तरता दिनु ।

## ९. नीति तथा कार्यनीतिः

उल्लिखित उद्देश्यहरू प्राप्त गर्नका लागि यस योजनाका केही रणनीतिक प्राथमिकताहरू रहेका छन् । ती रणनीतिक प्राथमिकताहरू अन्तर्गत विद्यालय शिक्षामा सबैका बालबालिकाको सहज पहुँच र सहभागिता सुनिश्चित गर्ने, विद्यालय शिक्षाको गुणस्तर सुधार तथा सान्दर्भिकता वृद्धि गर्ने, विद्यालय शिक्षालाई समतामूलक र समावेशी बनाउने, गाउँपालिकाको समुन्नतिसँग प्रत्यक्ष जोड्दै शिक्षामा सुशासन तथा उत्तरदायित्व अभिवृद्धि गर्ने रहेका छन्। । यी रणनीतिक प्राथमिकताहरूमा आधारित भई यस योजनाको कार्यान्वयनका लागि निम्नलिखित रणनीतिहरू तय गरिएको छ ।

### क) प्रारम्भिक बालविकास र शिक्षा

नीतिः

१. प्रारम्भिक बालविकासका लागि नीतिगत, संस्थागत तथा संरचनागत संयन्त्रको स्थापना गरी बालविकास र शिक्षालाई प्रभावकारी बनाउनु ।

२. सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित निः शुल्क आधारभूत शिक्षामा भर्ना गराउनु ।

३. प्रारम्भिक बालविकास तथा शिक्षालाई बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित हुने गरी गुणस्तरीय र प्रभावकारी बनाउनु ।

४. प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरुको गुणस्तर सुनिश्चित गर्नु ।

५. पाँच वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास गरी प्रारम्भिक बाल शिक्षा तथा विकास र पूर्व प्राथमिक शिक्षालाई अधिकारमा आधारित बनाउनु र विद्यालय प्रवेशको तयारी गराउनु ।

६. प्रारम्भिक बालविकासमा दक्ष र बालबालिकाप्रति समर्पित मानव स्रोत र प्रयाप्त भौतिक एवम् आर्थिक स्रोतको सुनिश्चतता गर्नु ।

**रणनीति तथा कार्यनीतिः**



मस्यौदा

१.१ प्रारम्भिक बालविकासका लागि संस्थागत तथा संरचनागत सुधारका गर्न स्थानीय तहमा सम्बन्धित क्षेत्रका विषय विज्ञहरुको संलग्नतामा प्रारम्भिक बालविकास संयन्त्रको स्थापना गरी सहजीकरण गरिने छ।

१.२ प्रारम्भिक बाल विकासको कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा विकास गरी यो तहको शिक्षालाई प्रभावकारी बनाउन आवश्यक कानून बनाई सबै बालबालिकाको लागि निःशुल्क र अनिवार्य गरिने छ।

१.३ सबै पक्षको सहभागितामा विद्यालय शिक्षाको पूर्वतयारीका लागि विद्यालयहरुमा हाल सञ्चालन भइरहेको बालविकासको शिक्षा अवधिलाई समायोजन गरी २ वर्षको बनाउनका लागि कानून निर्माण गरी कार्यान्वयन गरिने छ।

१.४. प्रारम्भिक बालविकास सम्बन्धी मौजुदा संघीय नीति, ऐन र कानूनको मर्म र स्थानीय तहको मौलिक आवश्यकताका आधारमा कानुनी सामञ्जस्यता ल्याई प्रारम्भिक बालविकास सम्बन्धी नीति, ऐन र कानून निर्माण गरी कार्यान्वयन गर्ने गरिने छ।

२.१ बालविकास सम्बन्धी कानून, नीति, कार्यविधि आदि निर्माण गरी कक्षा १ मा भर्ना हुनका लागि बालविकास शिक्षाको अनुभवलाई अनिवार्य गरिने छ।

२.२ लक्षित उमेरका सबै बालबालिकालाई प्रारम्भिक बालविकासको अवसर सुनिश्चित गर्नका लागि अन्य सरकार र संघसंस्थाहरुसँग सहकार्य गरी उपयुक्त वातावरणको सिर्जना गरिने छ।

३.१ प्रारम्भिक बालविकासको सिकाई क्रियाकलाप सहजीकरणमा मातृभाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोगलाई समेत जोड दिइनेछ।

३.२ बालविकास उमेरका आफ्ना सन्ततीहरुलाई अनिवार्य रुपमा बालविकास तथा शिक्षामा भर्ना गर्न र घरायसी वातावरणलाई बालमैत्री बनाउन आवश्यक कानून बनाई अभिभावकलाई जिम्मेवार बनाउन सन्ततिको समुन्नतिका लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिने छ।

३.३ बालबालिकाको सर्वाङ्गीण विकास एवम् विद्यालय शिक्षाको पुर्व तयारीका लागि अभिभावक शिक्षा, (आमा शिक्षा) सम्बन्धी कार्यक्रम सञ्चालनका लागि संघीय सरकार र प्रदेश सरकारसँग समन्वय, सहकार्य र सहलगानीको मोडेल अवलम्बन गरिने छ।

४.१ प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरुप बसाइँ व्यवस्था र सरसफाइलाई ध्यान दिएर खेल सामग्री, सिकाई सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सामग्री सहित आकर्षक, मनोरञ्जनपूर्ण र बालमैत्री कक्षाकोठा व्यवस्थापनसहितको नमूना बाल विकास केन्द्रको विकास गर्ने कार्यलाई प्रोत्साहित गरिने छ।

४.२ प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रका शिक्षकहरूको न्यूनतम योग्यता निर्धारण गरी हाल कार्यरत बालविकास शिक्षकहरूलाई समयानुकूलको तलव सुविधाका साथै योग्यतामा आधारित वृत्ति विकास र स्तर वृद्धिको अवसर प्रदान गरिने छ।

४.३ प्रारम्भिक बाल शिक्षा तथा विकास र पुर्व प्राथमिक शिक्षा कार्यक्रम सञ्चालन भएका प्रत्येक विद्यालयमा कम्तिमा एक जना शिशु वा बालस्याहार कार्यकर्ताको व्यवस्थापन गरी सोको कार्यान्वयन गरिने छ।

५.१ प्रारम्भिक बाल शिक्षा तथा विकास र पूर्व प्राथमिक शिक्षाको अनुभव नलिई कक्षा एकमा भर्ना हुनेको प्रतिशतलाई न्यूनीकरण गर्नका लागि विद्यालयमा आधारित, समुदायमा आधारित तथा घर परिवारमा आधारित विभिन्न प्रकारका प्रारम्भिक बाल शिक्षा तथा विकास र पूर्व प्राथमिक शिक्षा कार्यक्रमको प्रवन्ध गरिने छ।

५.२ स्थानीय तहमा केन्द्रित विद्यालयमा आधारित, समुदायमा आधारित र घरमा आधारित विभिन्न प्रकारका बालशिक्षा तथा विकास र पूर्व प्राथमिक शिक्षा कार्यक्रमको व्यवस्थाका लागि सहजीकरण गर्न अभिभावक र शिक्षकको क्षमता विकासका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।

६.१ प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारीता अभिबृद्धिका लागि स्थानीयस्तरमा उपलब्ध कम मुल्यका (No Cost, Low Cost) स्रोतसाधनको प्रयोग मार्फत  शैक्षिक सामग्री उत्पादन, संरक्षण र प्रभावकारी उपयोग गरी बालबालिकाको  प्रारम्भिक सिकाई तथा विकास मापदण्ड (ELDS) को कार्यान्वयनको सुनिश्चित गरिनेछ।
६.२ प्रारम्भिक बालविकासका क्षेत्रमा गरिने लगानीलाई एकद्वार प्रणालीबाट खर्च गरीने नीतिगत प्रवन्ध कार्यान्वयनमा ल्याइनेछ।

**ख)  आधारभूत तथा प्राथमिक शिक्षा**

नीतिः

१. अनिवार्य तथा निः शुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गरिने छ।
२. आधारभूत विद्यालय उमेरका सबै बालबालिकाहरूलाई आधारभूत तहको शिक्षा पुरा गर्ने अवस्था सुनिश्चित गरिने छ।
३. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाई उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गरिने छ।
४. आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाइनेछ।
५. आधारभूत शिक्षाको शैक्षिक गुणस्तर अभिवृद्धि सुनिश्चित गरिने छ।
६. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील (Resilient) र जवाफदेही बनाइनेछ।
७. आधारभूत तहको सिकाईलाई दैनिक जीवनसँग सम्बन्धित गराउदै अन्तरसम्बन्धित विषयबस्तुलाई एकीकृत गरी सिकाई क्रियाकलाप सञ्चालन गरिने छ।

**रणनीति तथा कार्यनीतिः**

१.१ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न प्रदेश र संघीय सरकारसँग समेत समन्वय र सहकार्य  गर्दै    आवश्यक कानून तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाउने।
१.२ प्रत्येक विद्यालयसँगको सहकार्यमा शैक्षिक सत्रको प्रारम्भमा सेवाक्षेत्र भित्र विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने।
१.३  आधारभूत विद्यालय उमेरका आफ्ना परिवारका बालबालिकालाई विद्यालयमा भर्ना नगराएमा गाउँपालिका तथा सम्बन्धित वडाबाट प्राप्त हुने सेवा सुविधाबाट बञ्चित गरिने तर्फ अभिभावकलाई सजग गराउने।
१.४ घरधुरी सर्वेक्षण मार्फत गरिबीको रेखामुनि रहेका परिवारका बालबालिकाहरुको पहिचान गरी उनीहरुको आधारभूत तहको शिक्षालाई पूर्ण रुपले निःशुल्क किसिमबाट पूरा गर्ने कुराको सुनिश्चित गर्ने
१.५ आधारभूत शिक्षालाई कानूनी रुपमा अनिवार्य गर्न सहयोग पुग्ने गरी यस गाउँपालिकामा सरकारी ढुकुटीबाट तलवभत्ता खाने कुनै पनि जागिरेको न्यूनतम शैक्षिक योग्यता आधारभूत शिक्षा उत्तीर्ण हुनु पर्ने प्रावधानको व्यवस्थापन गरी सोको प्रभावकारी कार्यान्वयन गर्ने।
२.१  आधारभूत विद्यालय उमेरका बालबालिकाहरुलाई आधारभूत तहको शिक्षा पुरा गर्ने अवस्थाको सुनिश्चितताका लागि अभिभावक,सरोकारवला र सञ्चार माध्यमसँग सहकार्य गर्ने।

मस्यौदा

२.२  गाउँपालिकाभित्र विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक कार्यक्रमहरु (वैकल्पिक र अनौपचारिक , खुला र परम्परागत शिक्षा तथा सिकाई, लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम, आवासीय सुविधा आदि) सञ्चालन गर्ने।

२.३  विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना गर्न र विद्यालयमा विद्यार्थी टिकाई राख्नका लागि आधारभूत तहमा अध्ययन गर्ने आर्थिक रुपले विपन्न दलित, विपन्न जनजाति, विपन्न सिमान्तकृत, विपन्न द्वन्द्व पिडित तथा कठिन परिस्थितिमा रहेका अभिभावकका बालबालिकाहरुलाई उनीहरुको अवसर लागत (Opportunity Cost) लाई समेत दृष्टिगत गरी छात्रवृत्ति र प्रोत्साहन कार्यक्रम सरल र सहज रुपमा उपलव्ध गराउनुका साथै स्वास्थ्य परीक्षण र उपचारजस्ता सेवाहरु उपलब्ध गराउन आवश्यक कार्य गर्ने। आधारभूत तहको शिक्षा मातृभाषामा प्राप्त गर्ने बालबालिकाको मौलिक हकलाई सुनिश्चित गर्ने।

२.४ संघ र प्रदेश सरकारसँग समेत समन्वय र सहकार्य गरी विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श प्रदान गर्ने।

३.१ आधारभूत तहमा न्यूनतम सिकाई उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाईको मुल्याङ्कन गरी विद्यार्थीको सिकाईका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणाली विकास गर्ने।

३.२ सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गराउने सवालमा आवश्यक लगानीको प्रबन्ध गर्न संघीय सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वयन गरी तत्सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।

३.३ निश्चित समयको अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाई उपलब्धि परीक्षण मार्फत जवाफदेहिता सुनिश्चितताका लागि सुधारका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्ने।

३.४  आधारभूत तहको प्रारम्भिक कक्षामा लागू भएको प्रारम्भिक कक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न लगायत विद्यालयमा रचनात्मक शिक्षण सिकाई क्रियाकलापहरु सञ्चालनका लागि विद्यालयको प्रस्तावनाका आधारमा अनुदान उपलब्ध गराउने गरी कार्यक्रम सञ्चालन गर्ने।

४.१  सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित पुस्तकालय, बुक कर्नर जस्ता न्यूनतम भौतिक र शैक्षिक सुविधा सुनिश्चित गरी बालमैत्री, समावेशी र सुरक्षित सिकाई वातावरणको सुनिश्चितता प्रदान गर्ने।

४.२ विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्नका लागि स्थानीय स्वास्थ्य एकाई तथा संघसंस्थाको सहकार्यमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने।

४.३ तीनै तहका सरकारको सहकार्यमा स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गरी विद्यालयहरुमा दिवाखाजाको व्यवस्थापन गर्ने।

४.४  विद्यालय शिक्षालाई प्रकोप परिस्थिति महामारीलगायतका तथा संकट प्रति उत्थानशील (Resilient)बनाउने र शिक्षण संस्थाहरुलाई प्रविधि सम्बन्धी सिप र साधन सहितको भौतिक पूर्वाधार सम्पन्न बनाउनुका साथै विद्यालयलाई बहुप्रकारका विपद्प्रति संवेदनशील र अपांगमैत्री बनाउने कार्यको कार्यान्वयन गर्ने।

५.१  शिक्षक होइन कि अनुदान देउ हामी चाहेको गुणस्तर दिन सक्छौं भन्ने स्थानीय तहका केही विद्यालयहरुलाई शिक्षकको सट्टा अनुदान उपलब्ध गराइ नमूनाका रुपमा सञ्चालन गर्न अभिप्रेरित गर्ने।

५.२ मुल्याङ्कनलाई शिक्षण सिकाईको अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याउने किसिमले विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराउदै सिकाईमा सुधार ल्याउने अवस्था सिर्जना गर्न कक्षाकोठामा आधारित मुल्याङ्कनसँग सम्बन्धित क्षमताको विकास गर्ने ।

५.३ शिक्षण सिकाई विधिमा समेत आवश्यक परिमार्जन गर्दै कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गरिने छ र यसका लागि आवश्यक पर्ने प्रविधि, शिक्षक तालिम तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने ।

५.४ आधारभूत तहको कक्षा ५ र कक्षा ८ को वार्षिक परीक्षाको नतिजाको आधारमा मुल्याङ्कन गरी प्रत्येक वर्ष उत्कृष्ट शिक्षकहरु छनौट गरी पुरस्कृत गर्ने ।

५.५ आधारभूत शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षण सिकाई गर्ने वातावरण तयार गर्ने ।

६.१ जनसाङ्ख्यिक बनोट र भौगोलिक अवस्थाको आधारमा विद्यालय नक्सांकन गरी आवश्यकताका आधारमा विद्यालय तह घटाउने,गाभ्ने, सार्ने तथा नयाँ स्थापना गर्ने काम सम्पादन गर्ने ।

६.२ विद्यालय सेवा क्षेत्रसम्बन्धी मापदण्ड तथा कार्यविधि तयार पारी सोका आधारमा सबै प्रकारका आधारभूत विद्यालयहरुको सेवा क्षेत्र निर्धारण गरी बालबालिकालाई सेवाक्षेत्र अन्तर्गतको विद्यालयमा अध्ययन गर्न प्रेरित गर्ने ।

६.३ संघ र प्रदेश सरकारसँग समेत समन्वय र सहकार्य गरी विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने ।

६.४ संघीय सरकारले शिक्षकको न्यूनतम योग्यता र तयारीको मापदण्ड तथा विद्यार्थी शिक्षक अनुपात लगायत शिक्षक दरवन्दीका आधारहरूको पुनरावलोकन गरी नपुग शिक्षक दरवन्दी सिर्जना गरी विद्यालयलाई वितरण गर्ने ।

६.५ सबै विद्यालयहरुलाई विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्न लगाइ सोही योजनाका आधारमा विद्यालयहरुमा स्थानीय स्रोतसाधन परिचालन गर्ने ।

६.६ नतिजाप्रतिको जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गरी कार्यान्वयन गर्ने ।

६.७ विद्यालय (संस्थागत समेत)हरुको नियमन, अनुगमन र सुपरीवेक्षण गरी बस्तुगत प्रतिवेदन उलब्ध गराउन र विद्यालयहरुले गरेको राम्रा अभ्यासहरुलाई सामुदायिक र संस्थागत विद्यालयहरुको बीचमा आदानप्रदान गर्नका लागि विशेषज्ञ सम्मिलित शिक्षाका निवृत्त अधिकृत, निवृत्त प्रधानाध्यापक र शिक्षक सहितको तेस्रोपक्षसँग सम्झौता गरी अनुगमन कार्यलाई प्रभावकारी बनाउने ।

७.१ राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूप सिकाईलाई दैनिक जीवनसँग सम्बन्धित गराउनका लागि व्यवहारकुशल सिपहरूलाई सिकाई क्रियाकलापमा एकीकृत गर्नुका साथै अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाई क्रियाकलाप सञ्चालन गर्ने गरी सिकाई सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन तथा सुधार गर्ने कार्यमा समन्वय र सहजीकरण गर्ने ।

७.२ राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरेअनुसार स्थानीय पेशा, व्यवसाय र प्रविधि एवम् मुल्य, मान्यता, संस्कार र रीतिरिवाजहरुको संरक्षण र सम्बर्धन गर्न र बालबालिकालाई श्रमसँग र श्रमलाई उत्पादनसँग जोड्नका लागि एक विद्यालय एक व्यवसायको अवधारणालाई स्थानीय पाठ्यक्रम निर्माणको क्रममा समावेश गरी कार्यान्वयन गर्ने ।

७.३ राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरेअनुसार विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउनका लागि स्थानीय परिवेशअनुकूल सिकाई क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनुकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाई सामग्री, विधि तथा प्रक्रियाको प्रयोग गर्ने ।

**ग) उच्च शिक्षा र माध्यमिक शिक्षा :**

नीतिः

१. उच्च शिक्षामा गाउँ र समग्र मुलुकले गरेको अपेक्षा अनुरुप दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि गाउँपालिकामा रहेका माध्यमिक विद्यालयहरुमा गुणस्तरीय किसिमबाट विषयगत अध्ययन अध्यापनको व्यवस्था गर्नु।

२. पहुँच र गुणस्तर अभिबृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रर्वतनात्मक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउन योगदान गर्नु ।

३. उच्च शिक्षामार्फत गाउँपालिकाको अर्थतन्त्रलाई ज्ञान र विज्ञानमा आधारित अर्थतन्त्रको रुपमा विकास गर्नु।

४. उच्च शिक्षालाई गाउँपालिकाको मौलिक ज्ञान र पहिचानको आधार स्तम्भका रूपमा स्थापित गर्नु।

५. गाउँपालिकाको समग्र पक्षको रुपान्तरणको लागि कृषि विज्ञान, वन विज्ञान, पूर्वीय दर्शन, आयुर्वेद र विज्ञान एवम् प्रविधिप्रति अभिप्रेरित प्राविधिक, व्यावसायिक र उद्यमशील मानव संसाधन विकास गर्नु।

६. गाउँपालिकाको समग्र विकास र समृद्धिका सबै पक्षमा कुशल नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने सान्दर्भिक,उपयोगी, गुणस्तरीय एवम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशअनुकूल प्रतिस्पर्धी र अब्बल जनशक्ति उत्पादन गर्नु।

७.गाउँपालिकाबाट उच्च शिक्षा हासिल गरेका अब्बल क्षमताका जनशक्तिलाई गाउँपालिकाको उन्नयनका लागि योगदान गर्न उपयुक्त वातावरणको सिर्जना गरी अभिप्रेरित गर्नु।

**रणनीति तथा कार्यनीतिः**

१.१ समग्र मुलुकले गरेको अपेक्षा अनुरुप उच्च तहको दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि पूर्वाधारको रुपमा गाउँपालिकामा रहेका माध्यमिक विद्यालयहरुमा प्राविधिक विषयहरुको अध्ययन अध्यापन गुणस्तरीय किसिमबाट सञ्चालन गरिने छ।

१.२ प्राविधिक धार सञ्चालन भएका माध्यमिक विद्यालयहरुको संख्या र गुणस्तरमा अभिवृद्धिका साथै पाठ्यक्रमलाई समेत सान्दर्भिक बनाई कार्यान्वयन गर्ने तर्फ संघ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

१.३ पाठ्यक्रम र मुल्याङ्कन प्रणालीको पुनरावलोकन गर्ने क्रममा साधारण एवम् प्राविधिक विषय दुबैतिरका कोर्सहरुमा मानव मुल्य, थारु संस्कृति र पूर्वीय दर्शनमा आधारित शिक्षालाई अन्तरघुलन गरी सेवाभावले ओतप्रोत, नैतिकवान, इमान्दार र खुसी नागरिक उत्पादन गर्ने कुरालाई उच्च प्राथमिकता दिइनेछ।

२.१ उच्च शिक्षाको पठनपाठनलाई परियोजनामा आधारित, खोजमुखी र अनुसन्धान केन्द्रित बनाई विद्यार्थीलाई स्वायत्त सिकारु बनाउँदै ज्ञान निर्माण तथा उत्पादनमा केन्द्रित गरी उच्च शिक्षालाई उत्पादन र सेवाका अन्य क्षेत्रसँग आवद्ध गरिने छ।

२.२ आफ्नै गाउँपालिकाबाट उत्पादित जनशक्ति गाउँपालिकाको उन्नातिका लागि गतिलो शक्ति अभियान सञ्चालन गरी गाउँपालिकाबाट उत्पादित उच्च शिक्षाको अब्बल जनशक्तिलाई गाउँपालिकामै काम गर्नका लागि आकर्षिक गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरी विविध खाले सम्मान र प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिने छ।

२.३ उच्च शिक्षा प्राप्त गर्न चाहने अति विपन्न, गरिब, अपाङ्ग, दलित तथा अति सिमान्तकृत विद्यार्थीहरुलाई अहिलेको जस्तै उचित छात्रवृत्रि प्रदान गर्ने व्यवस्थालाई अझै विस्तार गरी कार्यान्वयन गरिने छ।

२.४ गाउँपालिकाको मापदण्डअनुसार उच्च शिक्षामा लगानी गरिने छ।

२.५  उच्च शिक्षामा गुणस्तर  विकासको लागि प्रविधी, तालिम तथा भौतिक पुर्वाधारको विकास गरिने छ।

३.१  उच्च शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अत्यधिक उपयोग गर्दै गाउँपालिका तहमा सञ्चालन गरिने उच्च शिक्षाका कार्यक्रमहरुलाई राष्ट्रिय एवम् राष्ट्रिय स्तरका हुने गरी स्तरीय र आकर्षक बनाउन संघ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

३.२  उच्च शिक्षालाई कमाउदै र सिक्दैको अवधारणा अनुरुप शिक्षालाई प्रत्यक्ष रुपमा आय आर्जनसँग आवद्ध गरी सञ्चालन गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

४.१  विश्वसनीयता एवम् प्रतिस्पर्धात्मक क्षमताको सुनिश्चितता हुने गरी खुला एवम् दूर शिक्षा मार्फत उच्च शिक्षामा पहुँच अभिबृद्धि गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

४.२  स्थानीय सरकारको सहयोग तथा साझेदारीमा स्नातकोत्तर कक्षा सञ्चालन गरिने छ।

४.३  स्नातक तहमा भएका कोर्ष समय आनुरुप माध्यमिक तहमा राखिने छ।

५.१  कृषि, वन, पूर्वीय दर्शन, पशुपंक्षीपालन लगायतका प्राविधिक विषयहरु तथा होटल व्यवस्थापन जस्ता विषयहरुको अध्ययन अध्यापन हुने गरी कलेजहरुको स्थापना र सञ्चालन गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

५.२  साधारण विषय अध्यापन गरिरहेका गाउँपालिकामा रहेका उच्च शिक्षा प्रदायक शिक्षण संस्थालाई आवश्यकता र नक्साङ्कनका आधारमा प्राविधिक शिक्षालयका रुपमा रुपान्तरणका लागि प्रोत्साहित गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

६.१  प्राज्ञिक तथा पेशागत डिग्रीको रुपमा एकिकरण गरिएको हालको शिक्षाशास्त्रका कार्यक्रमहरुको पुनरावलोकन गरी प्राज्ञिक डिग्री पूरा गरेपछि मात्र पेशागत डिग्री प्रदान गर्ने व्यवस्थालाई लागू गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

७.१  उच्च शिक्षा हासिल गरिसकेपछि कामको संसारमा प्रवेश गर्न आवश्यक पर्ने ज्ञान, सिप र अभिवृत्तिको व्यावहारिक अनुभव हासिल गर्न र उच्च शिक्षा शिक्षाको लाभ प्रत्यक्ष रुपमा जनता समक्ष पुरयाउन अनिवार्य स्वयमसेवकीय सामाजिक सेवाका रुपमा राष्ट्रिय विकास सेवा सञ्चालनका लागि संघ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

७.२  स्वयमसेवकीय सामाजिक सेवाका रुपमा राष्ट्रिय विकास सेवा अन्तर्गत समुदायको सेवा तथा गाउँपालिकाको विकास लागि संलग्न हुने विद्यार्थीहरुलाई काम अनुसारको निर्वाह खर्च उपलब्ध गराउने कार्यमा संघ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

**घ) प्राविधिक तथा व्यावसायिक शिक्षा**

नीतिः

१. प्राविधिक र व्यावसायिक शिक्षा मार्फत सिपयुक्त, स्वरोजगार र आत्मनिर्भरका साथै देश र नागरिकप्रति समर्पित र इमान्दार जनशक्ति उत्पादन गर्नु

२. प्राविधिक, व्यावसायिक र सिपमूलक शिक्षामार्फत आयआर्जन र रोजगारीका अवसरमा बृद्धि गर्नु।

३. गाउँपालिकाको स्रोतसाधन र सम्भाव्यतामा आधारित उद्योग, व्यवसाय र रोजगारी मार्फत पालिका र गाउँवासीको आर्थिक विकास र समृद्धिमा टेवा पुर्याउनु।

४. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरुलाई व्यापक विस्तार गरी समावेशी एवम् समतामूलक पहुँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम सिपयुक्त र उद्यमशील जनशक्ति तयार गर्नु।

५. श्रमप्रति श्रद्धा र सम्मान गर्ने भावना र श्रम गर्ने अभिवृत्तिमा अभिवृद्धि गर्दै शिक्षालाई सिप, सिपलाई रोजगारी, रोजगरीलाई उत्पादन र उत्पादनलाई समृद्धिसँग आवद्ध गर्नु।

रणनीति तथा कार्यनीतिः

१.१ स्थानीय श्रम बजारको आवश्यकता एवम् प्राथमिकताका आधारमा योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तरीय र प्रतिस्पर्धी प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासका अवसरहरु इच्छुक सबैलाई प्रदान गर्ने गरी प्राविधिक शिक्षालय र तालिम प्रदायक संस्थाहरुको विकास र विस्तार गरिने छ।

१.२ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा विभिन्न सरोकारवालाहरुको सहभागिता एवम् साझेदारीमा दिगो लगानी गर्ने वातावरणको सुनिश्चित गर्दै स्वरोजगार बनाउन संघ, प्रदेश सरकार र सरोकारवालासँग समन्वय र सहकार्य गरिने छ।

२.१ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्न आय आर्जन बढाउन विशेष सहुलियत दिने नीति अवलम्बन गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

२.२ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदले तयार गरेका प्राविधिक र व्यावसायिक धारका पाठ्यक्रमहरूलाई गाउँपालिकाको आवश्यकता, सम्भावना र मौलिकता अनुकुल हुनेगरी छनौट गरेर सञ्चालन गर्न गाउँपालिका स्तरमा विशेषज्ञहरु समेत भएको प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम व्यवस्थापन एकाईको गठन गरिने छ।

३.१ प्राविधिक र व्यावसायिक धारको उच्च शिक्षा प्राप्त गर्नका लागि गाउँपालिकामा हाल सञ्चालनमा रहेको लक्ष्मी मा.वि. मदुईलाई उच्च शिक्षा दिने कलेजको रुपमा स्तरोन्नति गरिने छ।

३.२ प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा आवश्यक जनशक्ति उत्पादनका लागि संघ, प्रदेश सरकार र विश्वविद्यालयहरूसँग सहकार्य गरिने छ।

३.३ प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूका लागि निःशुल्क अवसर वा सहुलियत ब्याजदरमा ऋण उपलव्ध गराउनका साथै हाल गाउँपालिकाबाट सञ्चालन गरिएको छात्रवृत्ति कार्यक्रमलाई विस्तार गरी निरन्तरता प्रदान गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

४.१ आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणले पछि परेका व्यक्तिहरूलाई र अपाङ्गता भएका व्यक्तिहरूको प्राविधिक शिक्षाको आवश्यकता पूरा गर्न समावेशी शिक्षा एवम् विशेष शिक्षाका कार्यक्रमहरु सञ्चालन गरिने छ।

४.२ प्राथमिकताका आधारमा कृषि तथा वन, चिकित्सा, इन्जिनियरिङ, IT, विज्ञान तथा प्रविधि, चिकित्सा विज्ञान,आयुर्वेद, पर्यटन, नविकरणीय ऊर्जा, उद्योग तथा व्यापार लगायतका प्राविधिक विषय क्षेत्रलाई समेटिने गरी गाउँपालिकाभित्र प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्थाहरुको स्थापना र सञ्चालन गर्नका लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

४.३ गाउँपालिकामासाधारण विषय अध्यापन गरिरहेका उच्च शिक्षा प्रदायक शिक्षण संस्थालाई आवश्यकता र नक्साङ्कनका आधारमा प्राविधिक शिक्षालयका रूपमा रूपान्तरणका लागि प्रोत्साहित गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

४.४ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत विद्यालय स्तरमा सञ्चालन भइरहेको प्राविधिक धारतर्फको कक्षा ९ को कार्यक्रम र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद अन्तर्गत सञ्चालित तीन वर्षे प्राविधिक

डिप्लोमा कार्यक्रमलाई एउटै ढाँचामा ल्याई समान स्तरको तीन वर्षे पाठ्यक्रम लागु गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

४.५ प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी परीक्षा राष्ट्रिय परीक्षा बोर्डबाट सञ्चालन गर्न आवश्यक कानुनी र संरचनागत प्रवन्ध गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

५.१ निजी क्षेत्रका रोजगारदाता संघ संस्थाहरूको साझेदारीमा औद्योगिक सिप विकास (Apprenticeship) कार्यक्रम, इन्टर्नसिप र अन्द जब ट्रेनिङ्ग सञ्चालन गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

५.२ श्रम बजारको अध्ययन तथा अनुसन्धान गरी बजारको माग अनुसार नयाँ सिप, प्रविधि विकास गर्ने कार्यक्रम सञ्चालन गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

५.३ प्राविधिक शिक्षाका गतिविधिलाई प्रयोगात्मक, व्यावहारिक र समयानुकूल बनाउन शैक्षिक संस्थाले उद्योग, व्यापार, संघ, संस्था लगायतका कार्यस्थल र समुदायसँग सहकार्य र लागत साझेदारी गर्ने वातावरणको सिर्जना गर्नका लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

५.४ प्राविधिक शिक्षाको क्षेत्रमा काम गर्ने जनशक्तिको दीगो व्यवस्थापनका लागि विशेष प्रोत्साहन र पेशामा सुनिश्चितता हुने गरी कार्यक्रमको विकास गरी कार्यान्वयन गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

५.५ प्राविधिक र व्यावसायिक शिक्षाबाट उत्पादित जनशक्तिलाई मातृभूमी र समग्र मुलुकप्रति समर्पित र जिम्मेवारका साथै नैतिकवान र सेवा उन्मुख बनाउनका लागि र प्राविधिक र व्यावसायिक शिक्षाको पाठ्यक्रममा राष्ट्रियता, नैतिकता र मानवमूल्य जस्ता विषयवस्तुहरुको अन्तरघुलन गर्न संघ र प्रदेश सरकारसँग समन्वय गरिने छ।

५.६ सवै क्षेत्र हैसियत र बर्गका मानिसहरुमा श्रम संस्कृतिको बिकास गरेर श्रम गर्ने र उत्पादनमा संलग्न हुने श्रमिक एवम् जनशक्तिका निम्ति सम्मानजनक सुविधा र पारीश्रमिकको व्यवस्था गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

**ङ) अनौपचारिक शिक्षा, साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाई र शिक्षा**

नीतिः

१. शिक्षाको अवसरबाट बञ्चित वा बिचैमा पढाई छाडेका नवसाक्षर र निरक्षर सबै गाउँबासी नागरिकहरुका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाईका अवसर सुनिश्चित गर्नु।

२. अनौपचारिक, खुला र वैकल्पिक माध्यमबाट प्राप्त ज्ञान सिपलाई दैनिक जीवन र आयआर्जनका पेसा व्यवसायसँग आवद्ध गरी जीवनपर्यन्त सिकाई सुनिश्चित गर्ने।

३. पठन सँस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउन पुस्तकालय, सामुदायिक सिकाई केन्द्र र वाचनालयहरुको स्थापना, विकास र विस्तार गर्नु।

४. अनौपचारिक तथा खुला शिक्षाका लागि पाठ्यपुस्तक, पाठ्यक्रम तथा सिकाई सामग्री निर्माण र वितरण तथा अनुगम, निरीक्षण र कार्यान्वयन प्रक्रियालाई तीन तहका सरकारबीचको साझेदारी र समन्वयमा सञ्चालन गर्नु

५. औपचारिक, अनौपचारिक र अतिरिक्त शिक्षाका बिच अन्तरसम्बन्ध स्थापित गर्नु।

रणनीति तथा कार्यनीतिः

१.१ गाउँक्षेत्रभित्र विभिन्न उमेर समुहका औपचारिक शिक्षाबाट बञ्चित व्यक्तिहरुको तथ्याङ्क सङ्कलन गरी उनीहरुको लागि उपयोगी हुने गरी अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरिने छ।

१.२ साक्षरता सिकाईमा रेडियो, टेलिभिजन, मोवाइल, अनलाइन जस्ता सञ्चार प्रविधि सामुदायिक पुस्तकालय तथा सहभागी मैत्री सामग्री तथा विधि समेतका आधारमा पहुँचको अभिवृद्धि गरिने छ।

१.३ साक्षर अभिभावक हाम्रो गौरवलाई साक्षरता अभियानसँग गाँसेर आफ्नो सेवा क्षेत्र अन्तरगतका सबै अभिभावकलाई साक्षर बनाउनका लागि टोल र वडामा रहेका शिक्षित व्यक्ति, जनप्रतिनिधि, विद्यालय, विद्यार्थी र समुदायलाई परिचालन गरिने छ।

१.४ नागरिक समाज, आमा समूह, बालक्लब, युवाक्लब तथा अन्य स्थानीय सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरी गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका सुनिश्चितताको घोषणा गरिने छ।

१.५ सामुदायिक सिकाई केन्द्रलाई प्रत्येक वडामा आवद्ध तथा विस्तार गरेर प्रविधि मैत्री बनाइ सिकाईका अवसर प्रदान गरिने छ।

१.६ सामुदायिक सिकाई केन्द्रलाई अनौपचारिक शिक्षाका कार्यक्रमको स्रोत बनाई समुदायमा रहेका नवसाक्षर व्यक्तिलाई नजिकै रहेको सामुदायिक सिकाई केन्द्र र विद्यालयको पुस्तकालय उपयोग गर्न प्रोत्साहित गरिने छ।

१.७ मौलिक एवम् परम्परागत सिप र शिक्षाको मूल प्रवाहीकरण गर्न खुला र वैकल्पिक शिक्षाको अवसर विस्तार गरी विद्यालय शिक्षामा पहुँच बढाउन आवश्यक सहजीकरण गरिने छ।

२.१ पठन संस्कृतिको विकास र जीवनपर्यन्त सिकाईलाई सुनिश्चित वडा स्तरमा सूचना तथा सञ्चार प्रविधियुक्त पुस्तकालय र वाचनालयको स्थापना गरिने छ।

२.२ नवसक्षारहरुका लागि खुला विद्यालय, वैकल्पिक विद्यालय, पेसागत विद्यालय, व्यवसायिक विद्यालय आदि सञ्चालन गर्न विद्यालय संरचना र संयन्त्र प्रयोगमा प्रोत्साहन गरिने छ।

२.३ साक्षरता अभियानमा वातावरण शिक्षाको माध्यमबाट स्वास्थ्य वातावरण सिर्जना गर्ने।

२.४ जेष्ठ नागरिक चौतारीको माध्यमबाट जेष्ठ नागरिकका अनुभवलाई प्रयोगमा ल्याइने छ।

३.१ सामुदायिक सिकाई केन्द्र, विद्यालय विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक, अन्य साझेदारहरु परिचालन गरी साक्षरता र निरन्तर शिक्षाका निम्ती नागरिकहरुलाई अभिप्रेरित गर्ने।

३.२ सामुदायिक सिकाई केन्द्रलाई आधारभुत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, सञ्चालन र सेवा प्रवाह गर्ने बहुद्धेश्यीय संयन्त्रको रुपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाई थलो (Life Long Learning Hub) को रुपमा विकास गर्ने।

४.१ राष्ट्रिय योग्यता प्रारुप अनुसार अतिरिक्त, अनौपचारिक तथा औपचारिक शिक्षाविच समकक्षताको लागि नीति, ऐन, नियमावली, निर्देशिका र मापदण्ड विकास गरी कार्यान्वयन गर्न संघीय र प्रदेश सरकारसँग समन्वय गरिने छ।

४.२ सिकारुका आवश्यक्ता अनुसार तहगत पाठ्यक्रम, सिकाई मोडुलहरु र भाषिक विविधता अनुरुपका डिजिटल सिकाई सामग्री विकास गरी उपयोगमा ल्याउन संघ र प्रदेश सरकारसँग समन्वय गर्ने।

४.३ संघ, प्रदेश, स्थानीय सरकारलगायत साझेदार निकायविच समन्वय, सहजीकरण तथा राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयन गर्न संघदेखि स्थानीय तह सम्म नै एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

मस्यौदा

४.४ अनौपचारिक एवम् आजीवन सिकाईको लागि संघ, प्रदेश, र स्थानीय सरकारविच स्रोत साझेदारीको प्रारुप विकास गरी लागु गर्न संघ र प्रदेश सरकारसँग समन्वय गरिने छ।

५.१ स्वाध्ययन वा अनौपचारिक माध्यमबाट साक्षरता सिप प्राप्त व्यक्तिहरुलाई क्षमता र योग्यता अनुसार मूल्याङ्कन गरी समकक्षता प्रमाणपत्र प्रदान गरिने छ। त्यसरी प्रमाण प्राप्त व्यक्तिलाई औपचारिक शिक्षामा प्रवेशको अवसर प्रदान गर्न आवश्यक नीतिगत व्यवस्था मिलाइने छ।

५.२ कुनै पनि कक्षाका विद्यार्थीहरुका घरपरिवारका निरक्षर सदस्यहरुलाई साक्षर बनाउने गरी त्यस्ता विद्यार्थीहरुलाई परियोजना कार्य दिने व्यवस्था गरिने छ।

५.३ अनौपचारिक शिक्षालाई आवश्यक्ता अनुसार सूचना र सञ्चार प्रविधिको प्रयोग गरी दूर तथा खुला र प्रत्यक्ष एवम् ई पत्राचार आदिको माध्यमबाट सञ्चालन गरिने छ।

५.४ गाउँपालिका शिक्षा, युवा तथा खेलकूद शाखा अन्तर्गत रहने गरी अनौपचारिक शिक्षा इकाईको स्थापना गरी कार्यान्वयनमा ल्याइने छ।

५.५ औपचारिक, अनौपचारिक र अतिरिक्त शिक्षाका बिच अन्तर सम्वन्ध स्थापित गर्नका लागि सामुदायिक सिकाई केन्द्रलाई पुलको रुपमा विकास गरी कार्यक्रम सञ्चालन गरिने छ।

५.६ आजका नागरिक विश्वपरिवेशसँग समायोजन हुन सक्ने गरी औपचारिक, अनौपचारिक र अतिरिक्त शिक्षा सञ्चालन गरिने छ।

५.७ साक्षर परिवारलाई अगाडि बढाउँदै निरक्षरता हटाउने अभियान ल्याइनेछ।

**च) शिक्षक व्यवस्थापन र विकास**

नीतिः

१. शिक्षक तयारीको गुणात्मक पक्षको पुनरावलोकन गर्दै शिक्षक तयारीको वर्तमान स्वरुप तथा प्रक्रियामा परिवर्तन गरी पेसाप्रति समर्पित र सक्षम शिक्षक आपूर्ति गरिने छ।

२. शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाइनेछ।

३. नपुग शिक्षक दरबन्दी मध्ये राष्ट्रिय शिक्षा नीति अनुसार प्रदेशसँग समन्वय, सहकार्य र सहलागनीका आधारमा कानून बमोजिम शिक्षक दरबन्दीको सिर्जना गरी न्यायोचित किसिमले वितरण गरिने छ।

४. सबै तहमा शिक्षकहरुको योग्यताको पुनरावलोकन गरी विषयवस्तुमा दक्ष र निपूण शिक्षकको सुनिश्चितता गरिने छ।

५. पुरष्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले प्रभावकारी बनाउने।

६. शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणाली स्थापना गरिने छ।

७. आवश्यक प्रोत्साहन , निरन्तर पेसागत विकास र सिकाई आदान प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम , प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरुको प्रबन्ध गरिने छ।

८. सुपरिवेक्षण, शिक्षक तालिम र शिक्षक सक्षमता प्रारुपको पुनरावलोकन गरी सान्दर्भिक र प्रभावकारी बनाइने छ।

९. शिक्षक बैंक तथा रोष्टर शिक्षक व्यवस्था गरिने छ।

**रणनीति तथा कार्यनीतिः**

१.१ शिक्षक सक्षमता प्रारुपलाई अद्यावधिक गरी यसलाई शिक्षक तयारी र छनौट प्रक्रियामा आबद्ध गरिने।

१.२ सबै तह र प्रकारका शिक्षण संस्थामा काम गर्ने शिक्षक, प्रधानाध्यापक तथा कर्मचारी र पदाधिकारीको पेसागत आचारसंहिता निर्माण गरी लागू गरिने र सो अनुसार भए नभएको अनुगमन गरिने छ।

१.३ प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन प्रक्रियालाई पारदर्शी तथा नतिजामा आधारित बनाउन कार्यसम्पादन सम्झौता गरिनेछ।

२.१ शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान एवम् दरबन्दी पुनर्वितरण गरिनेछ।

२.२ रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा एक वर्ष अघि नै छनौट गरी प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा नै नियुक्ति गरिने र प्रकाशित प्रतिक्षा सूचीबाट अर्को वर्षको छनौट सम्म शिक्षक नियुक्त गरिनेछ।

२.३ प्रदेश र स्थानीय तहबाट सिर्जना गरिएका शिक्षक दरबन्दीमा स्थायी नियुक्ति गर्नका लागि प्रदेश स्तरमा स्वायत्त संस्थाको रुपमा प्रदेश शिक्षक सेवा आयोगको स्थापना गरी तत्सम्बन्धी कार्य गरिने छ।

३.१ शिक्षा नीति अनुसार नपुग शिक्षक दरबन्दीमध्ये स्थानीय तह र प्रदेश सरकारले आर्थिक भार व्यहोर्ने गरी कानून बमोजिम सिर्जना गरिएका शिक्षक दरबन्दीहरुको न्यायोचित वितरण गरी शिक्षकहरुको नियुक्ति र पदस्थापन गरिने छ।

४.१ प्रारम्भिक बालविकास एवम् पूर्वप्राथमिक शिक्षा कक्षा १–३ का लागि कक्षा १२ उत्तीर्ण, कक्षा ४–८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९–१२ का लागि स्नातकोत्तर तह उत्तिर्ण गरेको शिक्षकको योग्यता अद्यावधिक गरिने छ।

४.२ शिक्षण पेसामा मेधावी विद्यार्थीहरुलाई आकर्षित गर्न छनौट तथा वृत्ति विकास प्रणालीलाई योग्यातामा आधारित बनाई परीक्षण प्रणालीमा सुधार गरी बस्तुनिष्ठ तथा विश्वसनीय बनाइने छ।

५.१ शिक्षक पुरस्कार र प्रोत्साहन कार्यक्रमलाई सम्बन्धित शिक्षकको सामाजिक आचरण , पेशाप्रतिको निष्ठा र समर्पणभाव, विद्यार्थीको सिकाइ उपलब्धि र उनीहरुको अभिमतलाई समेत आधार बनाइ लागू गरिने छ।

५.२ बार्षिक कार्यसम्पादन मूल्याङ्कन तथा विद्यार्थीको नतिजामा उत्कृष्टता हासिल गरेका शिक्षकलाई विद्यालय र स्थानीय तहले प्रशंसा पुरस्कार तथा सम्मान दिने व्यवस्था गरिनुका साथै प्रदेश र संघीय सरकारलाई सिफारिस गरिने छ।

५.३ कुनै विद्यालयमा कुनै शिक्षकको काम सन्तोषजनक नभएमा बढीमा पाँच वर्ष काम गर्न पाउने र तत्पश्चात् प्रधानाध्यापकको सिफारिसमा सरुवा गर्न सक्ने कानुनी प्रावधान बनाइ सरुवालाई बस्तुनिष्ठ , न्यायोचित र अनुमानयोग्य बनाउनका लागि संघ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

५.४ शिक्षकको कार्यसम्पादनका बस्तुनिष्ठ सुचकहरुका आधारमा कार्यसम्पादन मुल्याङ्कन गरी पुरस्कार र दण्डको पद्धति लागु गरिने छ।

६.१ शिक्षकहरुको साझा संगठनको रुपमा एउटा मात्र संस्थाको व्यवस्था गरी उक्त संस्थालाई शिक्षकको पेशागत सहयोग र विकासका निम्ति क्रियाशील बनाउनका लागि संघ एवम् स्थानीय तहसँग सहकार्य गरिने छ।

६.२ शिक्षकको सेवा सर्त , सुविधा , प्रोत्साहन , बढुवा लगायत वृत्ति विकासका प्रावधानहरुलाई पुनरावलोकन गरी समसामयिक बनाउने सवालमा संघ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

६.३ शिक्षण सेवा प्रवेश पुर्व कम्तिमा १५ दिने पूर्व सेवा कालिन (Orientation) तालिम प्रदान गरि सेवामा खटाउने व्यवस्था गरिने छ।

७.१ स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने छ। यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल तथा आवश्यकतानुसार अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टोरिङ्को पद्धति विकास गर्न स्थानीय तहसँग सहकार्य गरिने छ।

७.२ शिक्षकको उपस्थिती नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्याकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गर्नका लागि स्थानीय तहसँग सहकार्य गरिने छ।

७.३ अनिवार्य अवकास हुनु भन्दा पाँच वर्ष अगावै विद्यालयमा कार्यरत कुनै शिक्षकले स्वेच्छिक अवकास लिन चाहेमा निज शिक्षकलाई एकमुस्ट अनुदान प्रदान गरी अवकास लिन प्रोत्साहन गर्ने।

७.४ गाउँपालिका भित्र विद्यालयमा कार्यरत पालिका अनुदान शिक्षक तथा कर्मचारीको तलव नेपाल सरकारले निर्धारण गरेको सम्बन्धित तहको न्युनतम तलव स्केलसँग बराबर हुने गरी निर्धारण गर्ने।

७.५ महिला शिक्षक सुत्केरी स्याहार विदामा बसेको बेलामा स्थानीय तहबाट सट्टा शिक्षकको व्यवस्थापन गरी पठन पाठन कार्यलाई नियमितता प्रदान गरिने छ।

८.१ विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन , निरीक्षण र सुपरिवेक्षणको व्यवस्था मिलाइनेछ। स्थानीय तहबाट अनुगमन तथा सुपरिवेक्षण गर्दा अवस्थाअनुसार स्थलगत तथा विद्युतीय दुबै प्रकारबाट हुने व्यवस्था मिलाइनेछ।

८.२ स्थानीय तहले विद्यालयको समग्र अवस्था र सुपरिवेक्षण कार्यको प्रभावकारीता अनुगमन र मूल्याङ्कन गर्ने प्रणाली विकास गरिने छ।

८.३ सुपरिवेक्षणलाई विद्यालयमा आधारित बनाउन विद्यालयका प्र.अ. , अनुभवी शिक्षक वा मेन्टर र समकक्षी शिक्षकबाट सुपरिवेक्षण गर्ने परिपाटी शुरु गरिने छ।

८.४ शिक्षक तालिम तथा क्षमता विकासका कार्यक्रमहरु मार्फत विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग र गणित सँग सम्बन्धित विषयवस्तुहरु शिक्षण गर्न शिक्षकको पेशागत दक्षता अभिवृद्धि गरिने छ।

८.५ शिक्षक तालिमको लागि स्थानीय तहको सिफारिसमा प्रदेश सरकारले शिक्षण एकेडेमी वा शिक्षण कलेजसित सम्झौता गर्ने र सम्झौता बमोजिम शिक्षकको क्षमता विकास तालिम सञ्चालन गरी सक्षमता अभिवृद्धि गरिने छ।

८.६ शिक्षकलाई प्रत्येक दुई वर्षमा सघन पुनर्ताजगी तालिमको अनिवार्य व्यवस्था गरिने छ।

९.१ विविध शिक्षक सेवा आयोगबाट लिखित परीक्षामा उत्तिर्ण भएका र मेरिड लिस्टमा परेका शिक्षकहरुको सुची तयार गरी राख्ने व्यवस्था गर्ने।

९.२ गाउँपालिका भित्रका विद्यालयहरुमा तत्काल शिक्षक व्यवस्थापन गर्नु पर्ने अवस्थामा सोही सुची भित्रबाट विषय मिल्ने गरी शिक्षक नियुक्ती गरी खटाउने।

९.३ राप्ती सोनारी गाउँपालिकाभित्रका विद्यालयहरुमा अध्यापन गर्ने विषयगत रुपमा आफ्नो विषयमा विशेष दक्षता राख्ने शिक्षकहरु मध्येबाट रोस्टर शिक्षक परीक्षाको माध्यमबाट छनौट गर्ने।

९.४ विषयगत रोस्टर शिक्षकहरुलाई सम्बन्धित विषय शिक्षकहरुको कक्षा शिक्षणमा आईपरेका विविध समस्या समाधानार्थ सहजीकरणका लागि परिचालित गर्ने।

९.५.स्थानीय तहका हरेक बर्ष करार शिक्षकको व्यवस्थापन गर्नका लागि शिक्षक बैङ्क तयार गरी रिक्त रहेको पदमा तत्काल शिक्षकको व्यवस्थापन गर्ने गरी कानून निर्माण गरी कार्यान्वयन गरिने छ।

छ) पाठ्यक्रम, पाठ्यसामग्री  र मूल्याङ्कन

नीतिः

१. स्थानीय आवश्यकता र विश्वपरिवेशलाई आत्मसात गरी पाठ्क्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाउनु।

२. पूर्वीय दर्शन, मानवीय मुल्य मान्यता र आदर्शलाई अन्तरसम्बन्धित विषयवस्तुको रुपमा पाठ्यक्रममा समावेश गरी पाठ्यक्रमलाई अनुसन्धान तथा जीवन्त अनुभवमा आधारित किसिमबाट विकास गरी कार्यान्वयन गर्नु।

३. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित हुनेगरी विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।

४. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेशअनुसार सिकारुमा ज्ञान, सिप तथा व्यवहार विकासमा सहजीकरण गर्नु।

५. सिकारुका सिकाइ समस्याको समाधानउन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत साथै प्रमाणमा आधारित मूलयाङ्कन पद्धतिको व्यवस्था गर्नु।

६. कक्षाकोठामा हुने शिक्षण सिकाइलाई पाठ्यपुस्तकमा आधारित नभइ पाठ्यक्रममा आधारित बनाउनका लागि शिक्षालयको वातावण उपयुक्त बनाउनु र शिक्षकको दक्षता र समर्पण भावमा सुधार गर्नु।

७. स्तरीय र सिकारुमैत्री पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरुको लेखन र प्रकाशन गरी विद्यालय र विद्यार्थीहरुलाई सहज किसिमले उपलब्ध गराएर पठन संस्कृतिमा विकास गर्दै सिकाइ उपलब्धिमा सुधार गर्नु।

८. पालिका स्तरमा पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्नको क्षेत्रमा काम गर्नका लागि उपयुक्त संरचना र जनशक्तिको व्यवस्था गर्नु।

९. प्रत्येक सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधि ल्याव र ई(पुस्तकालय स्थापना गरी सञ्चालन गर्नु।

**रणनीति तथा कार्यनीतिः**

१.१ पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध र समुन्नत गाउँपालिका निर्माणका लागि सक्षम र प्रतिस्पर्र्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइनुका साथै राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तद्नुसारको विद्यालय तहको पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिने छ र कार्यान्वयनको मूल्याङ्कन आवधिक रूपमा गरी त्यसका आधारमा पाठ्यक्रम परिमार्जन तथा सुधार गरिने छ।

१.२ तीव्र गतिमा भइरहेको ज्ञान विज्ञान र प्रविधिको परिवर्तन र विकासलाई सम्बोधन र समावेश हुने गरी पाठ्यक्रमको परिवर्तन र परिमार्जन गर्ने कार्यलाई सहज, सरल, चुस्त र छरितो बनाइनेछ।

२.१ पूर्वीय दर्शन, मानवीय मुल्य मान्यता र आदर्शका साथै ज्ञानमा आधारित समाज, सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग एवम् शैक्षिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक परिवर्तन र विश्वपरिवेश समेतका आधारमा पाठ्यक्रमलाई समसामयिक सान्दर्भिक र व्यावहारिक बनाउँदै लगिने छ। यसै क्रममा विद्यालय तहको प्राविधिक धारको हालको पाठ्यक्रम कार्यान्वयनको मूल्याङ्कनका आधारमा आवश्यक सुधार, परिमार्जन तथा समायोजन गरिने छ।

२.२ पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई बढी सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन विद्यालयमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्बन गरी परीक्षणका रूपमा कार्यान्वयनमा ल्याइनेछ र यसको प्रभावका आधारमा निरन्तरता प्रदान गरिने छ। विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीका सम्बन्धमा सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रभावकारी ढङ्गले प्रबोधीकरण गरिने छ।

२.३ सङ्घीय संरचनाअनुसार स्थानीय सरकार तहबाट पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न उचित कानुनी तथा नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ।

२.४ राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्दिष्ट गरेअनुसार स्थानीय स्तरमा विद्यालय तहको पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्न अत्यावश्यक सक्षमता र जिम्मेवारीको विकास गरिने छ।

२.५ स्थानीय तहबाट निर्माण गरिने पाठ्यक्रम र सन्दर्भ सामग्रीहरु स्थानीय आवश्यकता, मूल्यनिष्ठ समाज एवम् मानवतामा आधारित र पूर्वीय दर्शनमा आधारित बनाइ निर्माण एवम् कार्यान्वयन गरिने छ।

३.१ वैकल्पिक सिकाइका आधारमा शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गरी स्थानीय तहमा पर्न सक्ने विपत, महामारी तथा सङ्कटको अवस्थामा सिकाइलाई निरन्तरता दिन सामुदायिक विद्यालयको संरचनागत सुधार, शिक्षकको पेसागत सक्षमता विकास र पर्याप्त सिकाइ सामग्री विकास गरी सिकाइ अवसर अभिवृद्धि गरिने छ र विद्यालयहरूलाई यसका लागि सक्षम बनाउदै लगिने छ।

४.१ शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरूको विकास, परिमार्जन तथा समायोजन गरी डिजिलाइट अनलाइन सिकाइ पोर्टलमार्फत सर्वसुलभ गराइने छ।

४.२ पाठ्यक्रम विकास ,परिमार्जन तथा कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरू, अभिभावक, शिक्षक, विद्यार्थी, समाजसेवी, विद्यालय व्यवस्थापन पदाधिकारी, बुद्धिजीवी, शिक्षाप्रेमी, परम्परागत ज्ञान र सिपका ज्ञाता तथा अनुसन्धाता आदिको सहभागिता र भूमिकामा वृद्धि गरिने छ।

५.१ शिक्षण सिकाइ भन्दा परीक्षालाई महत्व दिने हाम्रो संस्कारलाई परिवर्तन गरी सिकेको प्रमाणित भइसकेपछि परीक्षा लिइरहनु नपर्ने गरी मूल्याङ्कन प्रणालीको विकास गरिने छ।

५.२ विद्यार्थी मूल्याङ्कनलाई पारदर्शी, बस्तुनिष्ठ र कक्षाकोठाको सिकाइमा आधारित हुनेगरी परिमार्जन गरिने छ।

६.१ परम्परागत रूपमा प्रचलनमा रहेको पाठ्यपुस्तकमा आधारित शिक्षणसिकाइलाई बालकेन्द्रित, लैङ्गिक तथा अपाङ्गता मैत्री बनाई सूचना, सञ्चार र प्रविधिको उचित प्रयोग गर्दै बढी सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने छ। प्रारम्भिक कक्षाहरुको शिक्षण सिकाइमा पाठ्यपुस्तकको प्रयोगलाई न्यूनीकरण गर्दै लगिने छ।

६.२ विद्यालयहरूलाई वैकल्पिक तथा बहुकक्षा शिक्षणसिकाइअनुरूपका शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्न सक्षम बनाइँदै लगिने छ।

६.३ विद्यालयमा आधारित सहयोग पद्धति विकास गरी पाठ्यक्रम कार्यान्वयनमा रहेका समस्याहरूलाई कार्यान्वयन तहमा नै समाधान गरी शिक्षणसिकाइ प्रक्रियालाई प्रभावकारी बनाइनेछ।

६.४ सबै सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षणसिकाइका लागि अत्यावश्यक पूर्वाधार विकास तथा त्यसको उचित उपयोग गर्न सक्ने क्षमता विकास गरी कक्षागत वा तहगत रूपमा प्रविधिमा आधारित शिक्षणसिकाइलाई परीक्षणमा ल्याइने छ।

६.५ पाठ्यक्रम परिमार्जनका क्रममा परिमार्जित पाठ्यक्रम वा नयाँ विकसित पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकमा हुनुपर्ने वा विकास गर्नुपर्ने सक्षमता यकिन गरी उनीहरूको पेसागत सक्षमता विकास योजनासमेत समावेश गरी पाठ्यक्रम कार्यान्वयनपूर्व शिक्षकको सक्षमता विकास गर्ने व्यवस्थालाई सुदृढ बनाइने छ।

६.६ सिकारुको सिकाइ उपलब्धिप्रति शिक्षकलाई जिम्मेवार तथा जवाफदेही बनाई विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्तिविकाससँग आबद्ध गर्दै पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गरिने छ।

७.१ बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी माध्यम भाषा छनोट गरिने छ। यसका लागि विशेषतगरि प्रारम्भिक कक्षाहरूमा सिकाइ सहजीकरणका लागि  आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोगलाई प्राथिमकता दिइने छ।

७.२ संघीय सरकार र प्रदेश सरकारको सहयोगमा अपाङ्गता भएका बालबालिकाहरूको शैक्षिक पहुँच बढाउन र सिकाइ अवसर वृद्धि गर्न पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई ब्रेल लिपीमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास तथा प्रयोगलाई उच्च प्राथमिकताका साथ कार्यान्वयनमा ल्याई सबै बालबालिकाको शैक्षिक अधिकारको सुनिश्चित गरिने छ।

८.१ स्थानीय तहबाट समेत प्रकाशन हुने पाठ्यपुस्तकको गुणस्तर सुधार गर्न प्रतिस्पर्धात्मक प्रक्रिया अवलम्बन गरी पाठ्यपुस्तक विकास गरिने छ।  कागज तथा छपाइको गुणस्तरसमेत सुधार गरी बहुवर्ष प्रयोगको सम्भाव्यता परीक्षण गरिने छ। यसका साथै पाठ्यक्रममा आधारित शिक्षणसिकाइलाई सुनिश्चित गर्न शिक्षकको पेसागत सक्षमता विकासलाई निरन्तरता दिई बहुपाठ्यपुस्तक नीति कार्यान्वयन गरिने छ।

८.२ स्थानीय तथा मातृभाषाको पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास र प्रयोगलाई व्यवस्थित गर्न गाउँपालिकाले आफ्नो तथा विद्यालयको सक्षमता विकास गरी जिम्मेवारी र जवाफदेहीताको विकास गरिने छ र भाषा आयोगको परामर्शमा मानकीकरण, शब्दकोश निर्माण, तथा लेख्य परम्पराको  विकास गर्ने कार्यको आरम्भ गर्दै मातृभाषाको प्रयोगलाई थप व्यवस्थित गरिने छ।

८.३ मातृभाषामा पाठ्यसामग्री विकास तथा प्रयोगका लागि गाउँपालिकाको सक्षमतालाई  प्रभावकारी बनाइनेछ।

८.४ संघीय सरकार र प्रदेश सरकारको सहयोग सहकार्यका आधारमा गाउँपालिकामास्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि मौजूदा संरचना पुनरावलोकन गरिने छ।

९.१ प्रत्येक सामुदायिक विद्यालयमा एक एक सूचना सञ्चार तथा प्रविधि ल्याब र सिकाइ सामग्रीयुक्त पुस्तकालय स्थापना गरी शिक्षक तथा सिकारुलाई प्रविधिको प्रयोग,थप ज्ञान, सिप विस्तारको अवसरमा वृद्धि तथा खोजमूलक शिक्षणसिकाइको प्रयोग गर्ने वातावरण सुनिश्चित गरिने छ।

ज) शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापन

नीतिः

१.सवैप्रकारका सिकारुहरुको गुणस्तरीय शिक्षामा सहज पहुँच र सोको व्यवस्थापनका लागि आवश्यक कानून र संस्थागत संरचनाको स्थापना गर्ने।

२.विश्वविद्यालयबाट सर्वोत्कृष्ठ नतीजा हासिल गरेका मेधावी प्रतिभाहरुलाई अध्यापन सेवामा आकर्षित गर्नका लागि आवश्यक कानूनी व्यवस्था गर्ने।

३.आपतकालिन शिक्षा र STEAM शिक्षाको व्यवस्था गर्ने।

४. गाउँपालिका एवम् प्रदेशबाट सिर्जना गरिएको दरबन्दी शिक्षक एवम् कर्मचारी नियुक्तिका लागि प्रदेश शिक्षा आयोगको स्थापनाका लागि संघ र प्रदेशसँग समन्वय र सहकार्य गर्ने।

५.शिक्षक र कर्मचारीका लागि  प्रदान गरिने पुरस्कार, प्रोत्साहन, बृत्तिविकास र दण्डसजायलाई बस्तुगत बनाई लागू गर्ने।

६.शिक्षालयहरुको शासकीय सुधारसहित जनसहभागिता, सरोकारवालाहरुको प्रतिनिधित्व, पारदर्शिता, अपनत्व र उत्तरदायित्व प्रवर्धन गर्न सहभागितामूलक संयन्त्र निर्माण गरी शैक्षिक सुशासन कायम गर्ने।

७. स्थानीय तहको शिक्षा सम्बन्धी कामलाई चुस्त र प्रभावकारी बनाउनका लागि त्यही अनुसारको जनशक्ति र संरचनाको विकास गरी कार्यान्वय गर्ने ।

८. विद्यालयको प्रधानाध्यापकलाई अधिकार प्राप्त कार्यकारीको रुपमा कामकाज गर्न पाउने गरी अधिकारसम्पन्न गराउने गरी नियमकानूनको प्रवन्ध र परिमार्जन गर्ने ।

९. शिक्षामा सिर्जनशिलता, सांस्कृतिक सम्पत्तिहरुको संरक्षण, प्राकृतिक स्रोत र साधनको जगेर्ना एवम् उपयोग र बदलिदो विश्वपरिवेश अनुसारको शिक्षाको गुणस्तरलाई कायम गर्नका लागि सोही अनुसारको अध्ययन र अनुसन्धान लागि शिक्षामा आवश्यक प्रवन्ध गर्ने ।

११. अध्यापन सेवामा प्रवेश गर्नका लागि व्यक्तिको मनोसामाजिक र प्रवृत्तिगत परीक्षालाई मूल्याङ्कनको आधारको रुपमा प्रयोग गर्नका लागि आवश्यक प्रवन्ध गर्ने ।

**रणनीति तथा कार्यनीतिः**

१.१ कानूनमा एउटा शिक्षालयमा विशेष अवस्था बाहेक बढीमा पाँच वर्ष भन्दा बढी समय प्रधानाध्यापक एवम् शिक्षक भइ काम गर्न नपाउने गरी सरुवा प्रणालीलाई पारदर्श, निष्पक्ष र अनुशासनयोग्य बनाइ लागू गरिने छ ।

१.२ विभिन्न कारणले शिक्षामा पछि परेका एवम् गरिवीको रेखामुनि रहेका परिवारका बालबालिकाहरुको माध्यमिक तहसम्मको शिक्षालाई निशुल्क गर्ने लगायत विद्यार्थीलाई निशुल्क किसिमले उपलब्ध गराउने पाठ्यपुस्तक र छात्रवृत्री आदिको भुक्तानी गर्न भौचर प्रणालीलाई कार्यान्वयनमा ल्याइने छ ।

१.३ विभिन्न प्रकारका जोखिम र हिंशामा परेका बालबालिकाहरुका लागि मनोसामाजिक परामर्श तथा शैक्षिक पुनर्लाभको व्यवस्था गरिने छ ।

१.४ संस्थागत विद्यालय र सामुदायिक विद्यालयहरुले गरेका राम्रा अभ्यासहरु एक अर्काले अनुकरण र कार्यान्वयन गर्ने गरी उपयुक्त वातावरण सिर्जना गरिने छ ।

१.५ अभिभावक लगायत नागरिक सबैका लागि शिक्षा साझा सरोकारको विषय हो भन्ने कुराको सहजीकरण गरी विद्यालय र बालबालिकाको विकासमा अपनत्वको भावना विकासका लागि बस्ती बस्तीहरुमा बस्ती वा टोल शिक्षा समिति गठन गरी शैक्षिक जागरणका कार्यहरु सञ्चालन गरिने छ ।

२.१ विश्वविद्यालय लगायत गाउँपालिकाका सर्वोत्कृष्ठ व्यक्तिहरुलाई शिक्षालयहरुमा आकर्षित गर्नका लागि उनीहरुका निम्ति प्रदान गर्ने अध्यापन अनुमति पत्रलाई खुकुलो बनाउने र अध्यापन सेवालाई सुविधा र वृत्ति विकासका हिसावले आकर्षक बनाउने काम गरिने छ।

२.२ शिक्षालयहरुमा काम गर्ने बैतनिक र गैरबैतनिक व्यक्तिहरुको शैक्षिक पृष्ठभूमि, सामाजिक क्षेत्रमा गरेको योगदान, मूल्यनिष्ठ व्यक्तित्व आदिको समेत मनोवैज्ञानिक परीक्षण र विश्लेषण गरी ठीक ठाउँमा ठीक ब्यक्तिको चयन गर्ने कार्यलाई पालिकाको शिक्षा सम्बन्धी ऐन कानूनमा व्यवस्था गरी कार्यान्वयन गरिने छ ।

३.१ कानूनअनुसार स्थापना भइ सञ्चालनमा रहेका सवै प्रकारका विद्यालयहरुमा पूर्वाधार, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सिकाइ प्रक्रिया, गुणस्तर, परीक्षा तथा मूल्याङ्कन प्रणाली सम्बन्धमा समान ढाँचा बनाइ लागू गरिने छ ।

३.२ सिकारुको मल्याङ्कनको आधारमा सिकारुका सिकाइका कमजोर पक्षहरु, सिकारुले थप सुधार गर्नुपर्ने पक्षहरु, शिक्षकले गर्नुपर्ने थप शिक्षण क्रियाकलापसमेत स्पष्ट हुने गरी विद्यार्थीको प्रगति विवरण कार्ड तयार गरी समयसमयमा अभिभावकलाई समेत प्रदान गरिने छ ।

३.३ विद्यार्थी मूल्याङ्कन प्रणालीमा घटनामा आधारित, परियोजनामा आधारित, समूहकार्यमा आधारित र सिकारु केन्द्रित अभ्यासलाई आधार बनाइनेछ ।

४.१ शैक्षिक कार्यविधि र प्रक्रियालाई प्रक्रियामुखी भन्दा पनि परिणाममुखी बनाइ कार्यसम्पादन गर्ने गरी संयन्त्रको निर्माण एवम् कार्यान्वयन गरिने छ ।

५.१ संघ, प्रदेश एवम् स्थानीय तहको ढुकुटीबाट पारीश्रमिक लिएर शिक्षालयमा काम गर्ने कुनै पनि शिक्षक एवम् कर्मचारीलाई राजनीतिक दल विशेषको सदस्य भई सार्वजनिक पद एवम् सेवामा रहेर काम गर्न नपाउने गरी कानून बनाइ लागू गरिने छ ।

६.१ स्थानीय तह र प्रदेश सरकारबाट शिक्षक दरबन्दी सिर्जना गरी नियुक्त हुने शिक्षकको पदपूर्ति गर्नका लागि स्वतन्त्र र स्वायत्त निकायको रुपमा प्रदेश शिक्षक सेवा आयोगको गठन र सञ्चालन गर्नका लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ । विद्यालयमा कार्यरत कर्मचारीहरुको निम्ति समेत यही प्रदेश शिक्षक सेवा आयोगले काम गर्नेछ ।

७.१ शिक्षालयमा काम गर्ने प्रधानाध्यापक, कर्मचारी र शिक्षकबाट सम्पादन गरिने कार्यविरणको आधारमा कार्य सम्झौता गर्ने र सो अनुसार काम भए नभएको कुराको अनुगमन र मल्याङ्कन गर्नका लागि गैरराजनीतिक किसिमबाट शिक्षाविद्हरुको टिम बनाइ उक्त टिमको सिफारिसको आधारमा आवश्यक कार्वाही अघि बढाउने काम गरिने छ ।

७.२ सम्झौतामा तोकिएको जिम्मेवारी इमान्दारीपूर्वक तोकिएकै समयमा उत्कृष्ठ किसिमले सम्पादन गर्ने एवम् सिर्जनात्मक क्षमता भएका विद्यालय, शिक्षक तथा कर्मचारीहरुलाई सम्मानित र प्रोत्साहित गर्नका लागि विभिन्न किसिमका अभिप्रेरणात्मक कार्यक्रमको विकास गरी सञ्चालन गरिने छ ।

७.३ शिक्षकहरुलाई पेशाप्रति प्रतिबद्ध र जिम्मेवार बनाउनका लागि उनिहरुको कार्यसम्पादनको स्तर र विद्यार्थी एवम् अभिभावकको अभिमतलाई बढुवा र प्रोत्साहन सुविधासँग आवद्ध गर्न सहजीकरण र समन्वय गरिने छ ।

८.१ प्रदेश र स्थानीय तहबाट आवधिक रुपमा सवै प्रकृतिका विद्यालयहरुको सिकाइ स्तर जाँच गर्ने र देखिएका समस्या पहिचान गरी सुधारका उपायहरुको  पृष्ठपोषण प्रदान गरिने छ ।

८.२ विद्यालय व्यवस्थापन समितिको क्रियाशिलतामा अभिभावकहरुसँगको सम्बाद र अन्तरक्रियालाई निरन्तरता प्रदान गरी अभिभावक र शिक्षाका सरोकारवालाहरुलाई बालबालिका र शिक्षालयप्रति जिम्मेवार हुन अभिप्रेरित गरिने छ ।

८.३ शिक्षालयहरुले सम्पादन गर्ने कामलाई सार्वजनिक सुनुवाइ, वेभसाइट, डिजीटल बोर्ड, नोटिस बोर्ड, गुनासो एवम् सुझाव पेटिका, नियमित अन्तरक्रिया एवम् सम्वाद मार्फत सार्वजनिक गरिने छ ।

९.१ निवृत्त र अवकाशप्राप्त शिक्षाका अधिकृत र योग्य शिक्षकहरुको समेत रोष्टर तयार गरी उनिहरुबाट शैक्षिक सुपरीवेक्षण, अनुगमन, अनुसन्धान, तालिम आदि सञ्चालन गरिने छ ।

९.२ अनुगमन र सुपरीवेक्षण पद्धतिलाई असल व्यक्ति, असल संस्था र असल कामहरुको बढावा, प्रचारप्रसार र विस्तार हुने गरी संयन्त्रको निर्माण गरी कार्यान्वयन गरिने छ ।

९.३ स्थानीय तहमा कार्यपालिकाको मातहतमा रहने गरी एउटा शिक्षा, युवा तथा खेलकुदको क्षेत्रमा काम गर्नका लागि छुट्टै कार्यालयको रुपमा शिक्षा, युवा तथा खेलकुद कार्यालयको स्थापना गरिने छ ।

१०.१ जनप्रतिनिधि, अभिभावक, शिक्षाप्रेमी र समाजसेवीहरुको बाहुल्यता हुने गरी विद्यालय व्यवस्थापन समिति गठन गर्ने र विद्यालय व्यवस्थापन समितिले गरेका निर्णयहरुको कार्यान्वयन गर्नका लागि कार्यकारी अधिकार प्रधानाध्यापकलाई हुने गरी कानून बनाइ कार्यान्वयन गरिने छ ।

१०.२ विद्यालय व्यवस्थापन समितिको सिफारिसको आधारमा स्थानीय तहले प्रधानाध्यापकको नियुक्ति गर्ने गरी कानूनमा परिमार्जन गरी कार्यान्वयन गरिने छ ।

१०.३ विद्यालय व्यवस्थापन समितिमा प्रधानाध्यापकबाट पेश भएका प्रस्तावहरुलाई अनुमोदन गर्ने वा नगर्ने वा संशोधन सहित गर्ने अधिकार निहित राखी अनुमोदन भएका निर्णयहरुको कार्यान्वयन गर्ने पूरा अधिकार प्रधानाध्यापकलाई हुने गरी कानूनी व्यवस्था गरी सोको प्रभावकारी कार्यान्वयन गरिने छ।

११.१ विभिन्न प्रकारका महामारी, जोखिम र हिंशामा परेका बालबालिकाहरुका लागि उनिहरुको अनुकूल हुने गरी सिकाइ सहजीकरणका विभिन्न विकल्पहरुको प्रयोग गरेर शिक्षामा समन्यायको वातावरण गरिने छ।

११.२ कक्षा शिक्षणलाई थप प्रभावकारी र उपलब्धि मूलक बनाउनका लागि ऋभबm भ्मगअबतष्यल का सिद्धान्त र विधिहरुको प्रयोग गर्दै कक्षा शिक्षणको व्यवस्था गरिने छ।

झ) शिक्षामा समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श

नीतिः

१.महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिकरूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले वञ्चितमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुर्याउनु ।

२.लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु ।

३.विविधता, समता एवं समावेशी शिक्षाका मुल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहका गर्नेजनशक्तिहरूको पेसागत दक्षता र सक्षमता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्न विद्यमान संरचनाहरूलाई जवाफदेही बनाउनु।

४.पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता,समता तथा समावेशिता अभिवृद्धिगरी विद्यालयलाई बालमैत्री बनाउनु ।

५.विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुव्र्यवहार, हेपाई नहुने सुनिश्चितता गर्नु ।

६.कठिन र असहज परिस्थितिका कारण अलमलको जीवन बाँचिरहेका बालबालिकालाई मनोसामाजिक परामर्शको माध्यमबाट शिक्षामा उनीहरुको सहभागितालाई सक्रिय र अर्थपूर्ण बनाउनु ।

७.विभिन्न घटनाले पैदा गराउने आकस्मिक संवेगले आत्महत्या सम्मको परिणाम निम्त्याउन नदिनको लागि संवेग नियन्त्रणमा जोड दिने पाठ्यसामग्री समावेश गर्दै विद्यार्थीलाई आत्मनियन्त्रणका लागि सक्षम बनाइने छ।

८.वृहत यौनिक शिक्षा मार्फत विद्यार्थीहरुमा यौन र प्रजनन सम्बन्धि चेतना जागृत गरिने ।

**रणनीति तथा कार्यनीतिः**

१.१ सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षा उपलब्ध गराइने छ ।

१.२ लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिका, सामाजिक बहिष्कारमा परेका बालबालिका तथा अपाङ्गता भएका सबैबालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित बैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरू समेत विकास गरी पहुँच सुनिश्चित गरिने छ ।

२.१ लक्षित समुहका बालबालिकाका सिकाइ आवश्यकता सम्बोधन गरी उनीहरुको गुणस्तरीय शिक्षा प्राप्त गर्ने हकको सुनिश्चितताका लागि समय सापेक्ष पाठ्यक्रममा अनुकूलन, नमुना शैक्षिक सामग्रीको विकास तथा शिक्षण गर्ने सिपयुक्त जनशक्तिको व्यवस्था गरिने छ ।

२.२ औपचारिक विद्यालय शिक्षाबाट बञ्चितीमा परेका लक्षित समूहका बालबालिकाहरुको शिक्षा पाउने हकको सुनिश्चितताका लागि समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी संघ संस्था, निजी क्षेत्र र औपचारिक विद्यालयहरूलाई सहभागी गराइने छ ।

३.१आधारभूत तहमा बहु तथा मातृभाषामा सिकाइको अवसर प्रदान गर्नुका साथै पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गरिने छ । त्यसै गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गरिने छ ।

३.२ लक्षित समुहका बालबालिकाका सिकाइ आवश्यकता सम्बोधन गरी उनीहरुको गुणस्तरीय शिक्षा प्राप्त गर्ने हकको सुनिश्चितताका लागि समय सापेक्ष पाठ्यक्रममा अनुकुलन, नमुना शैक्षिक सामग्रीको विकास तथा शिक्षण गर्ने सिपयुक्त जनशक्तिको व्यवस्था गरिने छ ।

३.३ औपचारिक विद्यालय शिक्षाबाट वञ्चितमा परेका लक्षित समूहका बालबालिकाहरुको शिक्षा पाउने हकको सुनिश्चितताका लागि समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी संघ संस्था, निजी क्षेत्र र औपचारिक विद्यालयहरूलाई सहभागी गराइने छ ।

४.१ सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम गरिने छ भने विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुव्र्यवहार, हेपाइ नहुने सुनिश्चितता सहित बालमैत्री वातावरण सिर्जना गरिने छ ।

५.१ सबै प्रकारका विद्यार्थीहरुलाई विद्यालय तथा शिक्षालयहरुका विभिन्न तहमा भर्ना गर्दा उनीहरुको शारीरिक, मानसिक, इन्द्रियजन्य र बौद्धिक क्षमताको लेखाजोखा गरिने छ ।

५.२ विशेष बालबालिकाहरुको विशिष्टता अनुसार विद्यालय र विश्वविद्यालयहरुमा प्राविधिक शिक्षातर्फ उनीहरुको भर्ना प्रक्रियालाई सहज बनाउन संघ एवम् प्रदेश सरकारसँग समन्वय र साझेदारीको विकास गरिने छ।

५.३ विशेष बालबालिकाहरुलाई आत्मनिर्भर र बनाउन दिगो विकासका लागि हरित सिपमा आधारित जीवनपयोगी सिपमूलक शिक्षा र तालिमको अवसर सुनिश्चित गर्न पाठ्यक्रम, शिक्षक तयारी र संस्थागत संरचनाको पुनरावलोकन गर्न संघ एवम् प्रदेश सरकारसँग समन्वय र साझेदारीको विकास गरिने छ ।

५.४ अपाङ्ग मैत्री शिक्षण सिकाइ क्रियाकलाप गर्न नविनतम सूचना प्रविधिमा आधारित दक्ष मानवीय स्रोतको विकास गरिने छ ।

५.५ अपाङ्गता भएका, अशक्त र घरबाट विद्यालय आवतजावत गर्न असमर्थ तर विद्यालयमा अध्ययन गर्न सक्ने बालबालिकाका लागि पायक पर्ने स्थानमा आवश्यकताको आधारमा छात्रावास सहितको विशेष विद्यालय स्थापना गरिने छ ।

५.६ अपाङ्गता तथा फरक क्षमता भएका बालबालिकाहरूलाई आत्मनिर्भर बनाउनका लागि व्यावसायिक सिप सिक्ने अवसर प्रदानगर्न भूमिका निर्वाह गरिने छ ।

५.७ साधारण अवस्थाका बालबालिकासँग बसेर अध्ययन गर्न सक्ने अपाङ्गता भएका बालबालिकाहरूका लागि अपाङ्गताको प्रकृति र स्तर अनुसार आवश्यक पर्ने सामग्रीहरू (जस्तैः ह्वील चेयर, छडी, ब्रेल पुस्तक, साङ्केतिक चित्र आदि) को समुचित प्रबन्ध गरिने छ ।

५.८ अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरूको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्न आवश्यक पाठ्यक्रम, पाठ्यपुस्तक तथा श्रव्य दृश्य र सहयोग सामग्रीको विकास र सहज पहुँचका लागि संघ एवम् प्रदेश सरकारसँग समन्वय र साझेदारीको विकास गरिने छ ।

५.९ सुस्त श्रवण भएका बालबालिकालाई साङ्केतिक भाषा तथा दृष्टिविहिन र न्यून दृष्टि भएका बालबालिकालाई ब्रेल लिपिमा मात्र सीमित नगराई अन्य उपकरणको प्रयोगबाट सिक्न सक्ने सम्भाव्य विकल्पको खोजी गरी उपयुक्त अवसर प्रदान गर्न संघ एवम् प्रदेश सरकारसँग समन्वय र साझेदारीको विकास गरिने छ ।

५.१० अपाङ्गताको प्रकृति अनुसार लचिलो पाठ्यक्रम तथा पाठ्यपुस्तक, वैकल्पिक सिकाइ सामग्री तथा शिक्षण विधिमा जोडदिनुको साथै विद्यार्थी मुल्याङ्कन प्रणालीलाई अपाङ्गता भएका बालबालिका अनुकूल बनाउन संघ एवम् प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ।

५.११ अपाङ्गता भएका बालबालिकाहरूको अपाङ्गताको अवस्था हेरी अन्य बालबालिकाहरूसँगै बसेर सिक्न पाउने गरी समावेशी शिक्षाको व्यवस्था गर्न भूमिका निर्वाह गरिने छ।

५.१२ हालका छात्रवृत्तिका किसिम र छनोटका आधारको पुनरावलोकन तथा परिमार्जन गरी लक्षित र आावश्यकतामा आधारित छात्रवृत्ति पद्धतिको विकास गरिने छ। छात्रवृत्तिका लागि मूलतया गरिबीलाई केन्द्रित गरी आर्थिक रूपले विपन्न, सुविधा विहिन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने गरी व्यवस्था मिलाइने छ।

५.१३सम्बन्धित शिक्षण संस्था र समुदायको सहभागितामा गाउँपालिकामाछात्रवृत्ति व्यवस्थापन र अनुगमन समिति गठन गरिने छ।

५.१४ गैर आवासीय छात्रवृत्तिका लागि विद्यार्थीको नाममा बैङ्क खाता सञ्चालन गरी उनीहरुलाई प्रदान गरिने छात्रवृत्तिलाइ एकद्वार भौचर प्रणाली मार्फत प्रदान गरिने छ।

५.१५ छात्रवृत्ति रकमको पुनरावलोकन गरी उद्देश्य अनुरुप पर्याप्त हुने गरी व्यवस्था गरिने छ।

५.१६ विद्यालयमा दिवा खाजासहित स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीहरू लक्षित महिनावारी स्वच्छता सम्बन्धी सेवा तथा शिक्षा प्रदान गरिने छ।

५.१ विद्यार्थीहरुमा मनोसामाजिक समस्याहरु सघन रुपमा देखिदै गएको कारण उनीहरुको शिक्षा लगायत समग्र जीवनमा प्रतिकूल असर परिरहेको कुरालाई मध्यनजर राखी गाउँपालिकाबाट यस सम्बन्धी आवश्यक संरचना र जनशक्तिको व्यवस्थापन गरी कार्यान्वयन गरिने छ।

६.२ सबै प्रकारका विद्यार्थीहरुलाई विद्यालय तथा शिक्षालयहरुका विभिन्न तहमा भर्ना गर्दा उनीहरुको शारीरिक, मानसिक, इन्द्रियजन्य र बौद्धिक क्षमताको लेखाजोखा गरिने छ।

७.१ संवेग नियन्त्रणमा सहजीकरण गर्ने खालका पाठ्यसामग्रीहरु (जस्तै सकारात्मक चिन्तन, योग, ध्यानआदि)निर्माण गरी दक्ष र तालिम प्राप्त शिक्षकहरुबाट विद्यार्थीहरुका लागि साप्ताहिक वा पाक्षिक रुपमा कक्षाहरु सञ्चालन गर्ने।

८.१ यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि पाठ्यसामग्रीको शिक्षण र यौनिक परामर्श सत्रहरु सञ्चालन गर्ने।

**ञ) शिक्षामा सूचना प्रविधि**

नीतिः

१. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने।

२. डिजिटल डिभाइड कम गर्दै विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुर्याउन।

३. शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहज, छिटोछरितो र सस्तो बनाउन ICT पूर्वाधार विकासका लागि आवश्यक लगानी वृद्धि गर्ने।

४. शिक्षामा कार्यरत जनशक्तिलाई सूचना र सञ्चारको प्रयोग र उपयोगका निम्ति सिपयुक्त बनाउने।

५. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउने।

६. सूचना तथा सञ्चार प्राविधिको प्रयोग गर्दा हुन सक्ने अवाञ्छनीय प्रयोगका साथै अनपेक्षित सूचना प्रवाहलाई निरुत्साहित गर्ने।

७. विपद्को समयमा पनि विद्यार्थी सिकाइलाई निरन्तरता दिन आपतकालीन शिक्षाको व्यवस्था गर्ने।

८. शिक्षण सिकाइमा STEAM शिक्षालाई क्रमशः प्रयोगमा ल्याउने व्यवस्था गर्ने।

**रणनीति तथा कार्यनीतिः**

१.१ सबै सूचनाहरु प्राप्त हुने गरी क्लाउड प्रविधिबाट डाटा सेन्टर तथा डिजिटल ल्यावको स्थापना र सञ्चालन गर्नका लागि संघ,प्रदेशसरकार,नेपाल टेलिकम र अन्य इन्टरनेट प्रदायक संस्थाहरुसँग समन्वय र सहकार्य गरिने छ।

१.२ सबै शिक्षकहरूको क्षमता विकास गर्ने क्रममा शिक्षक पेसामा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधि सम्बन्धीको सिपलाई अनिवार्य गरिने छ।

१.३ सबै पाठ्यक्रम तथा पाठ्यसामग्रीको डिजिटलप्रति सहजै उपलब्ध हुने व्यवस्था मिलाइने छ।

१.४ घरपरिवार र समुदायलाई प्रविधिमैत्री हुनका लागि विद्यालय र शिक्षाका विभिन्न निकायहरु मार्फत सक्रिय र जिम्मेवार हुन प्रोत्साहित गरिने छ।

१.५ विद्यालयहरुमा विद्युतिय पुस्तकालय (E-library) को अन्तर सञ्जाल निर्माण गरी प्रविधिमय पठन संस्कृतिको विकास गरिने छ।

१.६ सिकारु केन्द्रित शिक्षण सिकाइलाई प्रभावकारी बनानउन व्यक्तिले सहजै प्रयोग गर्न सक्ने सामग्री ट्यावलेट,स्मार्टफोन, मोबाइल आदिको प्रयोगमा सुलभता ल्याइने छ।

२.१ विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि उपयोगी हुने गरी डिजिटल सामग्री विकास गरिने छ।

२.२ विश्वव्यापी रुपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा सुविधा विस्तार मार्फत विद्यालय, शिक्षक र विद्यार्थीहरूको पहुँचमा विस्तार गर्न एक शिक्षक र एक ल्यापटप र विपन्न विद्यार्थी स्मार्टफोन कार्यक्रम लागु गरिने छ।

२.३ हाल मुलुकभरी सञ्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरूमध्ये कम्तिमा एक स्थानीय तह एक सामुदायिक सिकाइ केन्द्र अनुपातमा सामुदायिक सिकाइ केन्द्रलाई (Digital Learning Centre) को रुपमा विकास गरी औपचारिक शिक्षाका साथै साक्षरतासंग व्यावसायिक सिप विकास र अन्य क्रियाकलाप सञ्चालन गरी अनौपचारिक तथा निरन्तर शिक्षालाई निरन्तरता दिन टेवा पुर्याइने छ।

२.४ सामुदायिक सिकाइ केन्द्र र सामुदायिक पुस्तकालयहरू एकीकृत गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सेवालाई सहज र प्रभावकारी बनाइने छ।

३.१ सबै शिक्षण संस्थाहरुमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने छ।

३.२ IEMIS लाई थप व्यवस्थित गरी विद्यालयले जुनसुकै समयमा पनि आवश्यकता अनुसार आफ्ना सूचनालाई अप्लोड अर्थात प्रविष्टी गर्न सक्ने र उक्त अद्यावधिक सूचनालाई सरोकारवालाले प्रयोग गर्न सक्ने गरी सूचना संयन्त्रको विकास गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

३.३ गाउँपालिका र इन्टरनेट प्रदायक संस्थाहरुविच विद्यालयमा इन्टरनेट सेवालाई सस्तो, छिटो र सर्वसुलभ बनाउनका लागि समन्वय र सहकार्यमा अभिवृद्धि गर्दै जडान नभएका विद्यालयमा जडान गर्ने व्यवस्था गरिने छ।

३.४ प्रारम्भिक तहदेखि माध्यमिक तहसम्मको शिक्षा क्षेत्रमा सूचना तथा संञ्चार प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुका साथै कक्षाकोठाहरुमा स्मार्ट टि.भि., डिजिटल बोर्ड,प्रोजेक्टर आदि सूचना प्रविधिका संरचनाहरुको विस्तार र विकास गरिने छ।

३.५ विद्यालय प्रशासनद्वारा प्रसारण गर्नुपर्ने सूचनालाई एकै पटक सबै कक्षा र विद्यार्थी समक्ष पुग्ने गरि प्रधानाध्यापक कार्यकक्षमा सूचना प्रसारण प्रणालीको विकास गरिने छ।

४.१ संघ र प्रदेश सरकारसँग सहकार्य गरी गाउँपालिकाका सबै विद्यालयहरुलाई सूचना र प्रविधि सम्पन्न बनाई विद्यालयहरुमा कार्यरत जनशक्तिमा सूचना र प्रविधिको प्रयोग तथा उपयोगका निम्ति सिप र दक्षताको विकास गरिने छ।

४.२ सबै शिक्षकहरूको क्षमता विकास गर्ने क्रममा शिक्षक पेसामा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधि सम्बन्धीको सिपलाई अनिवार्य गरिने छ।

४.३ तालिमहरू सञ्चालन गर्दा ब्लेन्डेड पद्धतिबाट तालिम सञ्चालन गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षकको पेसागत विकासमा सहयोग पुरयाउन संघ र प्रदेश सरकारसँग सहकार्य गरिने छ।

४.४ शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिने छ।

४.५ विद्यालयमा आइसीटिका क्षेत्रमा सिप र क्षमता भएका जनशक्तिलाई प्रोत्साहित गर्नका लागि आवश्यक साधन स्रोत र संयन्त्रको व्यवस्था गरिने छ।

४.६ शिक्षकहरुमा सूचना र प्रविधिको प्रयोग सम्बन्धी दक्षता अभिवृद्धिका लागि प्रविधिमैत्री शिक्षक समाज र शिक्षक महासंघ जस्ता शिक्षकका पेशागत संस्थाहरुलाई अवसर उपलब्ध गराइ जिम्मेवार बनाइने छ।

४.७ नवप्रवेशी शिक्षकहरुको क्षमता विकासका लागि सुरुका केही वर्षहरुमा एक जना अनुभवी र दक्ष शिक्षकको नजिक वसेर सिक्ने अवसर दिन मेन्टर शिक्षकको ब्यवस्था गरी सबै शिक्षकहरुलाई प्रविधिको प्रयोग गर्न सक्षम तुल्याइने छ।

५.१ आइसीटीमा अफिस प्रोग्राम जस्तै विद्यालय प्रोग्राम एवम् शिक्षा प्रोग्रामको विकास गरी प्रयोगमा ल्याइने छ।

५.२ गाउँपालिका र शिक्षालयहरु बीचको शैक्षिक व्यवस्थापकीय र प्रशासनिक कारोवारको आदानप्रदानलाई क्रमशः योजना अवधिसम्म पूर्ण रुपले कागजविहीन (Paperless) पद्धतिमा रुपान्तरण गरिने छ।

५.३ कक्षाकोठाको शिक्षण सिकाइ कार्यलाई प्रभावकारी र उद्देश्य केन्द्रित वनाउन सवै कक्षाकोठाहरुमा सिसि टि.भि. जडान गरी शिक्षण सिकाई कार्यलाई निगरानि गरिने छ।

६.१ शिक्षा मन्त्रालयद्वारा तर्जुमा गरिएको शिक्षामा सूचना तथा सञ्चार गुरुयोजनाको प्रभावकारी कार्यान्वयन र नियमन कार्यकोलागि विशेष व्यवस्था मिलाइने छ।

६.२ सूचना र सञ्चारको दुरुपयोगको न्यूनीकरण र साइवर अपराधहरुलाई नियन्त्रण गर्नका लागि जनचेतनाको अभिवृद्धि लगायत कानूनको निर्माण एवम् कार्यान्वयन जस्ता विषयमा प्राथमिकता दिइनेछ।

७.१ गाउपालिका भित्र आउन सक्ने विभिन्न महामारी तथा प्राकृतिक विपद्को समयमा वालवालिकाको शिक्षण सिकाइलाई निरन्तरता दिनको लागि अनलाइन कक्षा, ऋग्न् सिमको प्रयोग आदि मार्फत विद्यार्थी सिकाइलाई निरन्तरता दिइने छ।

७.२ विद्यालयमा शैक्षिक गुणस्तर अभिबृद्धि गर्न र सिकाइलाई प्रभावकारी र दिगो बनाउन Science, Technology, Engineering, Arts and Management(STEAM)Education लाई सूचना प्रविधिसंग जोडेर शिक्षण सिकाइ रणनीति अपनाइने छ।

**ट) सुरक्षित विद्यालय व्यवस्थापन**

नीतिः

१.सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट संघ र प्रदेश सरकारसँग समन्वय गरी पूर्व सावधानी र तयारीको वातावरण निर्माण गर्नु।

२. सम्भावित सङ्कटको सामना गर्ने अर्थात उत्थानशील (Resilient) प्रणालीका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्नु ।

३. सङ्कटको प्रतिकार्य (Response) को निम्ति गाउँपालिकास्तरीय संयन्त्र बनाउनु ।

४.जिल्लास्तरीय अल्पकालीन र दीर्घकालीन पुनस्थापना केन्द्रको विकास (Recovery) गर्नु।

५.विद्यालयलाई शान्ति क्षेत्र र हिंसामुक्त क्षेत्रको रुपमा स्थापित गरी, बालबालिकाहरुले सुरक्षित र भयरहित वातावरणमा सिक्नसक्ने अवसर र वातावरणको सृजना गर्नु।

**रणनीति तथा कार्यनीतिः**

१.१ प्रदेशस्तरीय शिक्षा क्षेत्रमा प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पार्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको मात्रा वा सङ्कटासन्नता (Vulnerability) को मूल्याङ्कन (Assessment) तथा विश्लेषण गरिने छ।

१.२ स्थानीय तहलाई सङ्कटासन्नता (Vulnerability) को मूल्याङ्कन (Assessment) का आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत (Comprehensive) योजना निर्माण तथा कार्यान्वयन गर्न सहजीकरण गरिने छ।

१.३ विद्यालयको वातावरण स्वच्छ, सफा, शान्त, सुरक्षित र हरियालीयुक्त बनाउन विद्यालयलाई वातावरणमैत्री हरित संस्थाको रुपमा विकास गर्न विद्यालयहरुसँग समन्वय र सहकार्य गरिने छ।

१.४ सरकारी तथा गैरसरकारी सघसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपद् व्यवस्थापन, जलवायू परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाइ सम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी व्यावहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न समन्वय तथा सहजीकरण गरिने छ।

१.५ स्तरीय मापदण्डका आधारमा विद्यालय तथा शिक्षण संस्थाको भौतिक पूर्वाधार र सिकाइ वातावरण निर्माण गरी विपद् उत्थानशील बनाउनुका साथै शिक्षण सिकाइ प्रक्रिया र व्यवहारमा सुधार गरी विद्यालयलाई सम्पूर्ण रुपमा सुरक्षित बनाउनका लागि सहयोग र सहजीकरण गरिने छ।

२.१ विद्यार्थी शिक्षक, अभिभावक तथा तिनै तहको सरकारको तयारी , रोकथाम, प्रतिकार्य तथा पुनः स्थापनाका लागि क्षमता विकास गरिने छ।

२.२ विद्यालयको पूर्वाधार निर्माण गर्दा हरेक प्रकारका जोखिम, दुर्घटना, प्रकोप र महामारीबाट सुरक्षित रहने गरी निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्ने गरी कानून बनाइ कार्यान्वयन गरिने छ।

२.३ विद्यालय हातामा खानेपानी, शौचालय, खेलमैदान, सरसफाइ किट, प्राथमिक उपचार बाकस जस्ता आपतकालीन सामग्री व्यवस्थापन गर्नका लागि सघ र प्रदेश लगायत विद्यालयसँग समन्वयन र सहकार्य गरिने छ।

३.१ सामुदायिक सिकाइ केन्द्रलाई आवश्यक स्रोत र साधनको व्यवस्था गरी विपद् व्यवस्थापन सिकाइ केन्द्रका रूपमा समेत विकास गरिने छ।

३.२ विपद् व्यवस्थापन र संकटकालमा शिक्षाको निरन्तरता सम्बन्धमा भएका अन्तर्राष्ट्रिय सफल अभ्यासहरुलाई स्थानीयकृत (Localize) गरिने छ ।

३.३ विद्यालय शान्ति क्षेत्रसम्बन्धी अवधारणालाई सार्थकता दिन राजनीतिक दल, शिक्षकहरुका पेसागत सघ सङ्गठन तथा विद्यार्थी क्लबहरू र अन्य सामुदायिक क्षेत्रबिच समन्वय र सहकार्य गर्दै यसप्रति सबैलाई जिम्मेवार बनाइने छ।

३.४ विपद् तथा संकटको व्यवस्थापनसँग सम्बन्धित गाउँपालिका स्तरीय संयन्त्र र मापदण्ड तयार गरी कार्यान्वयन गरिने छ।

४.१ गाउँपालिका र विद्यालय तहमा विपदको अवस्थामा शिक्षालाई निरन्तरता दिनका लागि आवश्यक हुने यन्त्र उपकरण, औषधि, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गरिने छ।

४.२ विद्यालयमा सुरक्षित विद्यालय र विपद् व्यवस्थापन सम्वन्धी सैद्धान्तिक एवम् व्यावहारिक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, जोखिम न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राखी सुरक्षित विद्यालय सम्बन्धी अनुकरण र अभ्यासका क्रियाकलापहरू नियमित रूपमा सञ्चालन गर्न अभिप्रेरित गरिने छ।

४.३ बाढीपहिरो, भूकम्प र महामारीको समयमा उपयोग गर्ने गरी गाउँपालिकाकै सक्रियतामा टोलहरुमा साझा घर निर्माण गर्ने कामलाई प्राथमिकता दिएर कार्यान्वयन गरिने छ र यस्तो प्रकोप र सङ्कटको समय विद्यालयलाई आश्रय बनाउने कार्यलाई क्रमशः हतोत्साहित गर्दै लगिनेछ।

४.४ विपद्का समयमा विद्यालय र शिक्षालय स्थानान्तरण गर्नका लागि स्थानीय तहको समन्वयमा सुरक्षित स्थानको पहिचान गरी खानेपानी, स्वास्थ्य, पोषण र स्याहारको उचित व्यवस्थापन सहित शिक्षण सिकाइका लागि उपयुक्त वातावरण निर्माण गरिने छ।

४.५ विद्यार्थीहरुमा विपद्ले पार्ने प्रभाव न्युनीकरणको लागि विद्यालयहरुमा मनोसामाजिक परामर्श सेवा र पुनर्लाभको व्यवस्थापन गरिने छ।

४.६ सबै प्रकारका विपदवाट क्षतिग्रस्त शिक्षण संस्थाहरुको पुनःनिर्माण गरी शिक्षण संस्थाहरुलाई भौतिक पूर्वाधार सम्पन्न गर्ने तथा बहुप्रकारका विपद् प्रति संवेदनशील र अपाङ्तामैत्री बनाइनेछ।

४.७ विपद् प्रतिरोधि पूर्वाधारको निर्माण तथा पुनः स्थापना गरिने छ।

५.१ विद्यालयहरुमा बालबालिकाहरुको लागि सुरक्षित र भयरहित वातावरणमा सिकाइका अवसर सिर्जना गर्नका लागि सरोकारवालाहरुको क्षमता अभिबृद्धि गरी सुरक्षित र संरक्षित रहेको सुनिश्चित गर्न आवश्यक सहयोग गरिने छ।

५.२ विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र सुरक्षित, हिंसारहित एवं भयरहित सिकाइ केन्द्रको रूपमा विकास गर्नका लागि सहयोग र सहकार्य गरिने छ।

५.३ हिंसा र हेपाइमा परेका बालबालिकालाई न्याय र पिडकलाई सजाय दिने सवालमा शुन्य सहनशीलता अपनाई कानून निर्माण गरी कार्यान्वयन गर्ने सवालमा संघ र प्रदेश लगायत विद्यालयसँग समन्वय र सहकार्य गरिने छ।

**ठ) विद्यालय भौतिक पूर्वाधार विकास**

नीतिः

१.सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु ,

२. विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु,

३. गुणस्तरीय पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवम् जवाफदेही प्रणालीको विकास गर्नु,

४. विद्यालय पूर्वाधार निर्माणको पहुँचलाई मागका आधारमा भन्दा पनि वास्तविक आवश्यकताका आधारमा उपलब्ध गराउनु।

मस्यौदा

५. भौतिक पूर्वाधारको हिसावले शैक्षिक संस्थाहरुलाई अभावमुक्त बनाउनु ।

**रणनीति तथा कार्यनीतिः**

१.१ विद्यालय शिक्षामा सञ्चालित विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक पर्ने पूर्वाधारको पुनर्परिभाषित गरिने छ ।

१.२ पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिने छ ।

१.३ सुरक्षित विद्यालय शिक्षा व्यवस्थापनका लागि जस्ता पाताका भवनहरु विस्थापित गर्दै लगिने छ ।

१.४ विद्यालय भवनको रङ्गरोगन तथा विद्यार्थीको तह अनुसार कक्षाकोठा सजावट (चित्र सहित) गरी शिक्षणमैत्री कक्षाकोठाको विकास गर्ने ।

१.५ छात्रामैत्री शौचालय तथा सेनेटरी प्याड व्यवस्थापनको प्रभावकारी व्यवस्था गर्ने ।

२.१ पूर्वाधार विकासका लागि विद्यार्थी सङ्ख्याको प्रक्षेपण, देशको भूगोल, हावापानी र लागतका आधारमा मापदण्ड विकास गरिने छ ।

२.२ विद्यालय पूर्वाधार विकासका लागि सघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापनको प्रारूप विकास गरिने छ ।

२.३ अन्तर सरकार र अन्य सरोकारवालाहरूबिच समन्वय, सहकार्य र साझेदारीमा विद्यमान पूर्वाधार उपयोग एवम् जनशक्तिको उपयोगसम्बन्धी नीति तयार गरी कार्यान्वयन गरिने छ ।

३.१ स्थानीय तहको संयोजनमा विकास भएका शैक्षिक संस्थाहरुको पूर्वाधारको विद्यालय भन्दा बाहिरका अन्य पक्षले करारका आधारमा उपयोग गरेवापत विद्यालमा प्राप्त हुने आम्दानीलाई संबर्द्धन मर्मत कार्यमा उपयोग गरिने छ ।

३.२ विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न सघसंस्थासँग लागत साझेदारी गरिने छ ।

३.३ निर्माण गरिएको विद्यालय पूर्वाधार विकासको संरक्षण संवर्धन र निगरानिका लागि समुदायका मानिसहरुमा अपनत्वको भावनाको विकास गरिने छ ।

४.१ पूर्वाधार निर्माणका लागि कसैका मागको आधारमा भन्दा पनि वास्तविक आवश्यकताको पहिचान गरी पूर्वाधार निर्माण कार्य गर्ने र निर्माणको काम विवादरहित किसिमले सम्पादन गर्ने सवालमा आवश्यक संयन्त्र, आचारसंहिता, सहमति, विश्वास र प्रतिवद्धताको वातावरण विकास गरिने छ ।

४.२ बालमैत्री बालबगैचाको निर्माण तथा व्यवस्थापन गर्ने ।

५.१ एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक निर्माणको गर्ने गरी विद्यालय सम्पूर्ण निर्माणको अवधारणा अनुसार निर्माण कार्यको कार्यान्वयन गरिने छ ।

५.२ विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय (विद्यार्थी सङ्ख्याको अनुमान तथा उमेरलाई विचार गरेर) भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी डिजायन गरिने छ भने निर्माण भइसकेका विद्यालयहरूमा थप सरचनाको योजना एकै पटक गरिने छ ।

५.३ शैक्षिक संस्थाहरुलाई भौतिक पूर्वाधार विकासको दृष्टिकोणले योजना अवधिभर अभावमुक्त थलोको रुपमा विकास हुने पूर्वाधारका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

५.४ हरित विद्यालयको अवधारणालाई अघि बढाइने छ ।

१०. नीति कार्यान्वयनको जिम्मेवारीः

यस पालिकाले निर्माण गरेको नीति कार्यान्वयन गरी अधिकतम लाभ लिनका लागि मुख्य जिम्मेवारी स्थानीय सरकारको रहन्छ तर पनि अन्य सरकारवालाहरुको भूमिकालाई नजर अन्दाज गर्न मिल्दैन। समग्रमा जिम्मेवारीको बाँडफाँड निम्नानुसार गरिएको छः

**गाउँपालिकाको जिम्मेवारी**

क) स्रोत आँकलन गरी बजेट व्यवस्थापन गर्ने,

ख) स्थानीय सरकारका शिक्षासँग सम्बन्धित संरचनाहरु स्थापना, गठन तथा परिचालन गर्ने,

ग) शिक्षा नीतिसँग मेल खाने गरी सहयोग गर्न आएका गैर सरकारी संघ संस्थाहरुसंग समन्वय गरी सहयोगको वातावरण बनाइदिने,

घ) आवश्यक ऐन कानून, नियम, निर्देशिका र मापदण्डहरु निर्माण गर्ने,

**शिक्षा समितिको जिम्मेवारी**

क) विद्यालयहरुको नियमित अनुगमन, मूल्याङ्कन र योजनामा सुधारसहितका अवसरहरु प्रदान गर्ने,

ख) विद्यालयसँग सरोकार राख्ने पक्षसँग समन्वय गरी दिने,

ग) गाउँशिक्षा योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

घ) शिक्षासँग माथिल्लो निकाय, संस्थासंग आवश्यक समन्वय गरी स्रोतमाथिको पहुँच बढाउने,

**वडाको जिम्मेवारी**

- बाल उद्यानको व्यवस्था गर्ने,
- अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,
- पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बालक्लव तथा बाल सञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,
- वडा भित्र रहेका आधारभूत तहका विद्यार्थीहरुको लागि वडास्तरमा खेलकुदको व्यवस्थापन गर्ने,
- प्रत्येक वडाले एउटा मर्मत तथा सरसफाई कोषको स्थापना गरि आफ्नो वडा भित्र संचालित विद्यालयहरुको शौचालयको सरसफाई तथा सामान्य मर्मतको व्यवस्था मिलाउने।

**विद्यालयको जिम्मेवारी**

क) विद्यालयभित्रको शैक्षिक योजना निर्माण गरी सो को कार्यान्वयन गर्ने,

ख) गाउँ शिक्षा समिति र गाउँपालिकासँग आवश्यक समन्वय र सहकार्य गर्ने,

ग) शिक्षकको पेशागत वृत्ति विकास र शैक्षिक उन्नयनका लागि प्रचलित नियम, कानूनको पूर्ण पालना गर्ने र गर्न लगाउने।

घ) पालिका द्वारा निर्माण गरी पारित गरिएका नीति नियम तथा निर्देशनहरुको स्टाफहरु विच अभिमूखिकरण गरी कार्यान्वयन गर्ने गराउने।

**शिक्षकको जिम्मेवारी :**

क) सूचना र प्राविधिमा क्षमता विकास र बिस्तार गर्ने

ख) शिक्षा सम्बन्धी निर्माण भएका नीति कार्यक्रमहरु प्रति जानकार रहने

ग) गाउँपालिकाद्वारा निर्माण गरिएका योजनाहरुको कार्यान्वयनमा प्रतिवद्ध रहने

मस्यौदा

घ) कक्षाकोठा भित्र सधै उत्प्रेरकको रुपमा सकारात्मक सन्देश संम्प्रेसन गर्ने

ङ) विद्यालय र कक्षाकोठाको व्यवस्थापन र व्यवहारिक सिकाइमा नविन प्रविधिको प्रयोगमा निरन्तर प्रतिवद्ध भइ कार्य सम्पादन गर्ने ।

**जनप्रतिनिधि र अभिभावकको जिम्मेवारी :**

- विद्यालयको नियमित अनुगमन गरी सकारात्मक सुधार प्रदान गर्ने ।
- विद्यालयले निर्माण गरेका योजनाहरुको कार्यान्वयनका लागि जनसहभागिता जुटाउने
- सर्वजानिक सम्पत्तिको संरक्षण र सुरक्षा गर्ने
- आफ्ना बालबालिकाको सिकाइमा देखिएको प्रगति वा अवरोधको विषयमा विद्यालयलाई  जानकारी गराउने
- विद्यालयद्वारा सञ्चालित कार्यक्रमहरुमा उपस्थित भई सल्लाह सुझाव र हौसला प्रदान गर्ने ।

११. संस्थागत व्यवस्थाः

१) राप्ती सोनारी गाउँपालिका

२) गाउँशिक्षा समिति

३) शिक्षा,यूवा तथा खेलकुद शाखा

४) सामुदायिक र निजी विद्यालय

५) सामुदायिक सिकाइ केन्द्र

६) उच्च शिक्षा प्रदायक संस्थाहरु

७) शिक्षासँग सरोकार राख्ने गैर सरकारी संस्थाहरु

१२. आर्थिक पक्षः

१) संघीय सरकारले प्रदान गर्ने शसर्त अनुदान,समानिकरण अनुदान,समपुरक अनुदान र विषेश अनुदान

२) प्रदेश सरकारले प्रदान गर्ने शसर्त अनुदान,समानिकरण अनुदान,समपुरक अनुदान र विषेश अनुदान

३) स्थानीय सरकारको स्रोत

४) निजी क्षेत्रको लगानी

५) शिक्षा क्षेत्रमा सरोकार राख्ने गैरसरकारी संस्थाको बजेट

६) चन्दा,अनुदान,ऋण र अन्य ब्यबस्थापन

१३.कानुनी व्यवस्थाः

स्थानीय शिक्षा निती२०७९ लाई प्रभावकारी कार्यान्वयन गर्नका लागि देहाय बमोजिमका ऐन, नियम, निर्देशिका र कार्यविधिहरु आधार रहनेछन् :

१ नेपालको संविधान २०७२

२ स्थानीय शिक्षा ऐन २०७७

३ शिक्षा कार्यविधि २०७९

४ स्थानीय सरकार संञ्चालन ऐन २०७४

५ पन्ध्रौ योजना

६ विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४

१४.अनुगमन तथा मुल्याङ्कन

मासिक रुपमा,चौमासिक रुपमा र मध्यकालिन र दीर्घकालिन रुपमा मुल्याङ्कन गर्दै शिक्षामा शैक्षिक गुणस्तर अभिबृद्ध गर्ने

१५.जोखिम तथा जोखिम न्यूनीकरण

यस नीतिको कार्यान्वयनका क्रममा निम्न जोखिमहरु रहने आँकलन गरिएको छ :

क) स्रोतको अपर्याप्तता हुन सक्ने

ख) सरोकारवालाको चासो सम्बोधन नभएको अवस्थामा अपनत्व ग्रहण गर्न नसकिने

ग) सङ्क्रमणकालिन अवस्थामा कानूनको दोहोरो प्रभाव र अर्थ लाग्न सक्ने,

घ) अपेक्षित उदेश्य पुरा हुन नसक्दा नीति कार्यान्वयनमा कठिनाइ हुनजाने ।

जोखिम न्यूनिकरण

- स्रोत व्यबस्थापन गर्न स्थानीयतहले स्रोतको आकंलन गर्ने
- सबै सरोकारवाला पक्षलाई अभिमुखीकरण गरि शिक्षा प्रति चासो र अपनत्व जगाउने अभियान सञ्चालन गर्ने
- कानूनको कार्यान्वयनमा एकरुपता ल्याउन सघ,प्रदेश र स्थानीयतहले समन्वय र सहकार्य गर्ने
- शिक्षा साझेदार गैरकारी संस्थाहरुसंग सहकार्य गर्ने

१६. खारेजी तथा बचाउः

यो शिक्षा नीति गतिशील दस्तावेज भएकोले समय र सन्दर्भ आवश्यक मानेको अवस्थामा गाउँ सभाबाट परिवर्तन र परिमार्जन गर्न सकिनेछ । नीति परिमार्जन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून अनुसार हुने छ ।

मस्यौदा